का.जि.का.द.नं.
३४/०६१/६२

राष्ट्रिय दैनिक
सिटी पोष्ट
City Post National Daily
सिटी पोष्ट राष्ट्रिय दैनिक



फिल्म 'परालको आगो' पेज ८

वर्ष २२ अंक १५३ काठमाडौं शुक्रबार १५ फागुन २०८२ City Post National Daily , Friday, February 27, 2026 url : www.citypostdaily.com पृष्ठ ८ मूल्य रु. ५।-

# आचारसंहिता पूर्ण रूपमा पालना गराउन सुरक्षा निकायलाई निर्देशन, मदिराजन्य पदार्थको बिक्री-वितरण तथा सेवनमा प्रतिबन्ध

-सिटीपोष्ट सम्वाददाता




काठमाडौं, १४ फागुन।निर्वाचन आयोगले निर्वाचन प्रचारप्रसार निषेध अवधि कडाइका साथ लागू गराउन गृह मन्त्रालयलाई अनुरोध गरेको छ । काठमाडौंमा नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधिहरूसँग बिहीबार आयोजित अन्तरक्रिया कार्यक्रममा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले फागुन १८ गते राति १२ बजेदेखि लागू हुने निषेध अवधिमा आचारसंहिता पूर्ण रूपमा पालना गराउन सबै प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायलाई निर्देशन दिन आग्रह गर्नुभएको हो । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा निर्वाचन व्यवस्थापन, आचारसंहिताको पालना र सुरक्षाको सवाल जनचासोको केन्द्रमा छ । यही सन्दर्भमा निर्वाचन आयोग ले स्वच्छ, निष्पक्ष र विश्वसनीय मतदान गराउन आफू पूर्ण रूपमा क्रियाशील रहेको स्पष्ट पारेको छ ।आयुक्त भण्डारीले निर्वाचन तयारी अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । उहाँले आयोगले कानुन र आचारसंहिताको दायराभित्र रहेर सम्पूर्ण प्रक्रिया पारदर्शी बनाउनेतर्फ विशेष ध्यान दिएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा आयोगका सचिव कृष्णबहादुर राउत ले निष्पक्ष निर्वाचन सुनिश्चित गर्न जिल्लास्तरमा निर्वाचन आचारसंहिता अनुगमन समिति गठन गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार देशभरका ७५३ स्थानीय तहका ६ हजार ७४३ वटै वडामा मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ ।

मतदाता शिक्षालाई आयोगले यसपटक विशेष प्राथमिकता दिएको देखिन्छ । मतदान प्रक्रिया, आवश्यक कागजात, आचारसंहिता र मतदाताको अधिकारबारे स्पष्ट जानकारी नहुँदा विगतमा देखिएका भ्रम कम गर्न यस कार्यक्रमलाई प्रभावकारी माध्यमका रूपमा लिइएको छ ।

आयोगले निर्वाचन खर्च पारदर्शी बनाउन राजनीतिक दल र उम्मेदवारलाई अनिवार्य रूपमा बैंक खाता खोल्नुपर्ने व्यवस्था लागू गरेको छ । यसले चुनावी खर्चको निगरानी र उत्तरदायित्व बढाउने अपेक्षा गरिएको छ ।कार्यक्रममा आयोगका सहसचिव ज्ञानहरि घिमिरे ले समग्र तयारीबारे प्रस्तुति दिनुभएको थियो । सो अवसरमा आयुक्तद्वय डा जानकीकुमारी तुलाधर र सगुनशमशेर जबरा लगायत उच्च पदस्थ अधिकारीहरूको उपस्थिति थियो ।निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ र निर्वाचन आचारसंहिता, २०८२ बमोजिम निषेधित गतिविधि भएमा तत्काल कारबाही गरी आयोगलाई जानकारी गराउन गृह मन्त्रालयसँग अनुरोध गरिएको छ ।

यसैगरी, मतदानको मितिभन्दा सात दिन अगाडिदेखि अन्तिम परिणाम घोषणा नभएसम्म मदिराजन्य पदार्थको बिक्री-वितरण तथा सेवनमा प्रतिबन्ध लगाउन पनि आयोगले आग्रह गरेको छ । यस निर्णयको उद्देश्य मतदान वातावरणलाई शान्त, मर्यादित र सुरक्षित बनाउनु हो ।मतदानको दिन अत्यावश्यक सेवाबाहेक अन्य सार्वजनिक तथा निजी सवारी साधन सञ्चालनमा रोक लगाइनेछ । एम्बुलेन्स, दमकल, सुरक्षा निकाय, विद्युत् तथा खानेपानी मर्मत, दूरसञ्चार

बाँकी सातौं पृष्ठमा



दाङको घोराही उपमहानगरपालिका-१५ स्थित न्यूरोडमा गस्ती गर्दै प्रतिनिधिसभा निर्वाचनको सुरक्षार्थ खटिएका नेपाली सेना । तस्बिरः कुलदीप न्यौपाने/रासस दाङको घोराही उपमहानगरपालिका-१५ स्थित न्यूर ोडमा गस्ती गर्दै प्रतिनिधिसभा निर्वाचनको सुरक्षार्थ खटिएका नेपाली सेना । तस्बिरः कुलदीप न्यौपाने/रासस

# जेनजी आन्दोलनको घटनाबारे गठन गरिएको जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग

- धनमाया क्षेत्री



काठमाडौं, १४ फागुन । भदौ २३ र २४ गते सम्पन्न जेनजी आन्दोलनको घटनाबारे गठन गरिएको जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै जेनजी प्रतिनिधिहरूले सरकारलाई औपचारिक रूपमा दबाब दिएका छन् । प्रतिवेदन सार्वजनिक गर्न ढिलाइ भइरहेको भन्दै उनीहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा निवेदन दर्ता गराएका हुन् ।बिहीबार बिहान सिंहदरबार पुगेर जेनजी प्रतिनिधिहरूले फागुन २२ गतेभित्र प्रतिवेदन सार्वजनिक गर्न माग राख्दै निवेदन बुझाएको जानकारी जेनजी प्रतिनिधि अमृता बनले दिनुभएको छ । उहाँका अनुसार प्रतिवेदन सार्वजनिक गर्नु मात्र नभई त्यसको कार्यान्वयन प्रक्रिया पनि तत्काल अघि बढाइनुपर्छ ।"गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन फागुन २२ गते सार्वजनिक गरी कार्यान्वयन गर्न माग गर्दै हामीले खबरदारीपूर्ण निवेदन दर्ता गराएका छौँ," उहाँले भन्नुभयो "न्याय सुनिश्चितता, दण्डहीनताको अन्त्य र पीडितलाई न्याय दिलाउन हाम्रो आवाज निरन्तर जारी रहनेछ ।"भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएका घटनाको छानबिनका लागि सरकारले गौरी बहादुर कार्की को अध्यक्षतामा जाँचबुझ आयोग गठन गरेको थियो । उक्त आयोगले घटनाको वस्तुगत अध्ययन, जिम्मेवार पक्षको पहिचान तथा कानुनी सिफारिससहित प्रतिवेदन तयार गर्ने जिम्मेवारी पाएको थियो ।तर हालसम्म प्रतिवेदन सार्वजनिक नभएकाले जेनजी समूहहरू असन्तुष्ट देखिएका छन् । उनीहरूका अनुसार प्रतिवेदनको म्याद पटक-पटक थपिँदै जानु र निर्वाचनपछि फागुन २२ गतेसम्मका लागि म्याद विस्तार गरिएको अवस्थाले पारदर्शिता र प्रतिबद्धतामाथि प्रश्न उठाएको छ ।आयोगले प्रतिवेदन सरकारसमक्ष बुझाएपछि मात्र सरकारले त्यसलाई सार्वजनिक गर्ने वा नगर्ने तथा कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गर्ने प्रावधान छ । यही प्रक्रियागत अवस्थाले नागरिक समाज र आन्दोलनरत समूहहरूमा चासो र चिन्ता बढाएको देखिन्छ ।यसअघि विभिन्न जेनजी प्रतिनिधि समूहहरूले मंगलबार राति संयुक्त विज्ञप्ति जारी गर्दै प्रतिवेदन तोकिएकै मितिमा सार्वजनिक गर्न माग राखेका थिए ।नेपाल जेन-जी फ्रन्ट, जेन-जी मुभमेन्ट अलायन्स, काउन्सिल अफ

बाँकी सातौं पृष्ठमा

# कुनै पनि दलसँग समीकरण वा तालमेल नहुने प्रचण्डको दावी

- मिना कुमारी यादव



काठमाडौं, १४ फागुन । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा कुनै पनि दलसँग समीकरण र तालमेल नहुने संयोजक प्रचण्डले दावी गर्नुभएको छ । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बिहीबार आयोजित पत्रकार सम्मेलनमा संयोजक प्रचण्डले आगामी प्रतिनिधिसभा निर्वाचनमा कुनै पनि राजनीतिक दलसँग चुनावी समीकरण नहुने प्रस्ट पार्नुभएको हो । उहाँका अनुसार नेकपा आफ्नै एजेन्डा, सांगठनिक आधार र जनसमर्थनको भरोसामा निर्वाचनमा जाने तयारीमा छ ।

संयोजक प्रचण्डले एक सय ६५ निर्वाचन क्षेत्रमध्ये बागलुङ क्षेत्र नं. १ बाहेक अन्यत्र कुनै औपचारिक तालमेल नभएको जानकारी दिनुभयो । "अयन्त्र चुनावी तालमेल गर्ने पार्टीको नीति छैन," उहाँले भन्नुभयो, "हामी आफ्नै विचार, आफ्नै कार्यक्रम र आफ्नै संगठनका आधारमा जनताको बीचमा जाँदैछौँ।"पछिल्ला निर्वाचनहरूमा देखिएको गठबन्धन राजनीति र शक्ति-सन्तुलनको अभ्यासलाई हेर्दा नेकपाको यो घोषणा अर्थपूर्ण मानिन्छ । विगतमा विभिन्न दलहरूबीच बनेका चुनावी समीकरणहरूले निर्वाचन परिणाममा प्रत्यक्ष प्रभाव पारेका उदाहरणहरू छन् । तर यसपटक नेकपाले स्वतन्त्र प्रतिस्पर्धाको बाटो रोजेको सन्देश दिन खोजेको देखिन्छ ।राजनीतिक विश्लेषकहरूका अनुसार एक्लै चुनाव लड्ने निर्णयले पार्टीलाई आफ्नो वास्तविक जनाधार परीक्षण गर्ने अवसर दिन्छ, तर त्यसले जोखिम पनि बोकेको हुन्छ । विशेषगरी बहुदलीय प्रतिस्पर्धा तीव्र भएको अवस्थामा मत विभाजनको सम्भावना सधैं रहन्छ ।पत्रकार सम्मेलनमा संयोजक प्रचण्डले पार्टीले विगतका कमी-कमजोरी सच्याएर अघि बढ्ने उल्लेख गर्नुभयो। उहाँले जनताको चाहना र भावनाअनुसार सुशासन तथा समृद्धिको मार्गमा अघि बढ्ने प्रतिबद्धता दोहोऱ्याउनुभयो।"राष्ट्रिय स्वाधीनता, सामाजिक न्याय र भ्रष्टाचारविरुद्धको अभियानमा हामी स्पष्ट छौँ," उहाँले भन्नुभयो, "जनताले हाम्रो एजेन्डालाई साथ दिनेमा विश्वस्त छौँ।"नेपालको राजनीतिक परिदृश्यमा सुशासन र भ्रष्टाचार नियन्त्रण सधैं चुनावी मुद्दा बनेका छन् ।

बाँकी सातौं पृष्ठमा



## सम्पादकीय

# 'भौतिक पूर्वाधार'तर्फ केन्द्रित

फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दलहरूको घोषणापत्रमा पूर्वाधार विकास मुख्य 'नारा'का रूपमा उभिएको छ । सडक विस्तारदेखि रेलमार्ग, द्रुतमार्ग, सुरुङ मार्ग, विद्युतीय सार्वजनिक यातायात र ऊर्जा उत्पादन विस्तारसम्मका महत्वाकाङ्क्षी योजना सार्वजनिक गर्दै उम्मेदवारहरू यतिबेला घरदैलो अभियानमा व्यस्त छन् । यस पटकको निर्वाचन बहस हेर्दा विकासको विमर्श अब सामाजिक सुरक्षाभन्दा पनि 'भौतिक पूर्वाधार'तर्फ केन्द्रित देखिन्छ । विगत एक दशकमा सडक सञ्जाल विस्तार, जलविद्युत् उत्पादन वृद्धि र केही ठूला परियोजनाको सुरुआत भए पनि अपेक्षित गुणस्तर, समयसीमा र समन्वयमा प्रश्न उठिरहेका छन् । यही पृष्ठभूमिमा दलहरूले फेरि एकपटक ठूला पूर्वाधारका सपना देखाएका छन् । मुख्य दलहरूले देशव्यापी रेल सञ्जाल विस्तार, अन्तरदेशीय कनेक्टिभिटी, पहाड-तराई जोड्ने सुरुङ मार्ग, प्रदेशस्तरमा औद्योगिक करिडोर र विद्युतीय सार्वजनिक सवारी प्रणालीको विकासलाई प्राथमिकता दिएका छन् । ऊर्जा क्षेत्रमा उत्पादन वृद्धि मात्र होइन, निर्यात प्रवर्द्धन र घरेलु खपत विस्तारको लक्ष्य पनि समेटिएको छ । कृषि आधुनिकीकरणलाई पनि पूर्वाधारसँग जोड्दै सिँचाइ, कोल्ड स्टोरेज, प्रशोधन उद्योग र बजार पहुँच विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

तर घोषणापत्रको आकर्षक भाषा र यथार्थ कार्यान्वयनबीचको दूरी नेपाली मतदाताले विगतमा धेरैपटक अनुभव गरिसकेका छन् । द्रुतमार्ग, अन्तर्राष्ट्रिय विमानस्थल वा रेल परियोजनाहरूमा देखिएको ढिलाइले योजनाभन्दा व्यवस्थापन क्षमताको अभाव नै मुख्य चुनौती रहेको छ ।घोषणापत्र विश्लेषण गर्दा दलहरूबीच प्राथमिकता र कार्यान्वयन रणनीतिमा फरक दृष्टिकोण देखिन्छ । केही दलले सार्वजनिक निजी साझेदारी (एएए) मोडेललाई जोड दिएका छन् भने केहीले राज्यको प्रत्यक्ष लगानीमार्फत राष्ट्रिय गौरवका आयोजना अघि बढाउने धारणा व्यक्त गरेका छन् । वित्तीय स्रोत व्यवस्थापन, ऋण दायित्व, वातावरणीय प्रभाव मूल्यांकन र स्थानीय समुदायको सहभागिता जस्ता विषयमा स्पष्ट रणनीति भने सबै घोषणापत्रमा समान रूपमा विस्तृत छैनन् ।पूर्वाधार विकासलाई रोजगारी सिर्जना, औद्योगिक विस्तार र क्षेत्रीय सन्तुलनसँग जोड्न नसके त्यसको प्रतिफल सीमित रहन्छ । उदाहरणका लागि, सडक निर्माण मात्र पर्याप्त हुँदैन; त्यसले उत्पादन र बजारबीचको सम्बन्ध सुदृढ गर्नुपर्छ । ऊर्जा उत्पादन बढे पनि प्रसारण लाइन र वितरण प्रणाली कमजोर भए त्यसको लाभ उपभोक्तासम्म पुग्दैन । रेलमार्गको योजना बनाउँदा यात्रु र माल ढुवानी दुवैको व्यवहारिकता अध्ययन अनिवार्य हुन्छ ।अर्को महत्वपूर्ण पक्ष परियोजनाको निरन्तरता, सरकार परिवर्तनसँगै योजना फेरिने प्रवृत्तिले दीर्घकालीन पूर्वाधार विकासमा अवरोध पुऱ्याएको छ । घोषणापत्रमा समेटिएका योजनाहरू कार्यान्वयनको चरणमा पुग्दा राजनीतिक सहमति र संस्थागत स्थायित्व अपरिहार्य हुन्छ ।मतदाताका लागि अहिलेको चुनौती आकर्षक घोषणाको होइन, विश्वसनीय कार्ययोजनाको छनोट गर्नु हो । समयसीमा, बजेट स्रोत, प्राथमिकता क्रम र जवाफदेहिताको स्पष्ट खाका बिना कुनै पनि पूर्वाधार योजना केवल चुनावी प्रतिबद्धतामा सीमित हुन सक्छ ।पूर्वाधार विकास देशको आर्थिक रूपान्तरणको आधार अवश्य हो । तर त्यो आधार दिगो, समावेशी र व्यवहारिक हुनुपर्छ । घोषणापत्रका पानामा सीमित नभई नीति, योजना र कार्यान्वयनमा प्रतिबिम्बित हुने हो भने मात्र यी महत्वाकाङ्क्षी एजेन्डाहरुले जनजीवनमा वास्तविक परिवर्तन ल्याउन सक्छन् ।

## आजको राशिफल

मष
- बिछ्राडिएका आफन्तजन भटिनछन सुन्द
- पहिनल व्यक्तित्व निखान समय छ

वष
- विभिन्न अवसल पछयाउनछन भन भविष्यका लागि दिगा
- फाइदा हुन काममा जग बसाउन माका छ

मिथुन
- लगानी बढाउनुप पनि प्रतीक्षित नतिजाल
- उत्साह भन जगाउनछ

ककट
- पुाना कामका चचा हुनछ भन कामका अवस पनि प्राप्त
- हुनछा त अरूका काममा समय खचनुपदा पछि पनिछा

सिंह
- आँटका काममा अरूका मुख ताक्नाल पछि पनिछ श्रमका
- प्रतिफल हातपान कही समय लाग्नछ

कन्या
- पुाना कामका चचा हुनछ भन कामका अवस पनि प्राप्त
- हुनछा त अरूका काममा समय खचनुपदा पछि पनिछा

तुला
- आँटका काममा अरूका मुख ताक्नाल पछि पनिछ श्रमका
- प्रतिफल हातपान कही समय लाग्नछ

वश्चिक
- सम्प्रषण गन समय पखनुहाला
- ताफियाग्य काम सम्पादन हुनाल

धनु
- समय दिन नसक्दा काम बिग्रन सक्छ लगानी
- बढाउन बाध्यता आउन सक्छ

मक
- सामान्य फाइदा भइह पनि ठूला भागका आशा ाख्दा
- सुनिश्चित आम्दानीसमत गुम्न सक्छ

कुम्भ
- ठूला भागका आशा ाख्दा भएका वस्तुसमत गुम्न सक्छ
- स्वास्थ्यका काण चिताएका काम ाकिन सक्छ

मीन
- आंशिक फाइदा भए पनि चिताएका काम पूा नहुन
- सक्छ ाकिएका काम दाहायाउन समय प्रतीक्षा गनुपला

# निर्वाचन प्रणाली सुधारका लागि बहसको थालनी

**भोजराज पोखरेल, पूर्वप्रमुख निर्वाचन आयुक्त**

काठमाडौँ, १४ फागुन (रासस): लोकतन्त्रमा निर्वाचन प्रणाली केवल प्रतिनिधि छनोट गर्ने प्राविधिक प्रक्रिया मात्र होइन, राज्यको वैधता, समावेशिता र जनविश्वासको आधारस्तम्भ हो ।

निर्वाचन प्रणालीलाई समयानुकूल सुधार नगर्ने हो भने लोकतन्त्रको संस्थागत मजबुती कमजोर हुन सक्छ । नेपालको निर्वाचन प्रणालीलाई अझ समावेशी, पारदर्शी र विश्वसनीय बनाउन सकिएमा मात्रै लोकतन्त्रलाई संरचनात्मक रुपमा मात्र नभई व्यावहारिक रूपमा पनि जनमुखी बनाउन सकिन्छ । नेपालको निर्वाचन प्रणालीलाई समावेशी, पारदर्शी र उत्तरदायी बनाउने दिशामा बहस गर्नुपर्ने बेला आएको छ ।

नेपालले लामो समयसम्म बहुमतीय निर्वाचन प्रणालीलाई अवलम्बन गर्दै आएको थियो । २०६२/६३ सालको जनआन्दोलनपछि द्वन्द्व व्यवस्थापन गर्ने क्रममा अन्तरिम संविधान बनाउँदा मिश्रित निर्वाचन प्रणालीलाई अपनाइएको हो । यो बहुमत र समानुपातिक प्रणालीको सम्झौताबाट आएको प्रणाली हो । द्वन्द्वको विभिन्न कारक तत्वहरूमध्ये नीति निर्माण तहमा सबैको आवाज नपुगेको अवस्थाले पनि हो । नीति निर्माण तहमा कुनै खास वर्ग, समूह वा लिङ्गको बोलबाला रहेको तर महिला, आदिवासी, जनजाति, दलित, मधेसीको प्रतिनिधित्व हुन सकेन भन्ने गुनासोकै आधारमा अन्तरिम संविधानमा मिश्रित प्रणालीको व्यवस्था गरिएको थियो । विविध जातीय, भाषिक, भौगोलिक र लैङ्गिक संरचना भएको मुलुकमा प्रत्यक्ष निर्वाचन प्रणालीले सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न नसकेको परिवेशमा समानुपातिकतर्फ जनसङ्ख्याको आधारमा समानुपतिक प्रतिनिधित्व गराउन कोटाको व्यवस्था भयो ।

मिश्रित निर्वाचन प्रणालीबाट हामीले संसद्लाई समावेशी बनाउने प्रयास गऱ्यौँ । संविधानसभामा भएको प्रतिनिधित्वले समावेशी चरित्रको नेपालको संविधान निर्माण गऱ्यो । समानुपातिक प्रणालीमार्फत महिलादेखि दलित, आदिवासी जनजाति, मधेसी र पिछडिएका वर्गको संसद्मा उपस्थिति बढेको छ । यो सकारात्मक पाटो हो तर व्यवहारमा संसद्मा दुईखाले प्रत्यक्ष र समानुपातिक सांसद रहन पुग्यो । समानुपातिकबाट आएका कतिपय सांसदहरूको क्षमतामाथि प्रश्न उठ्यो । समानुपातिक सूची तयार गर्दा दलहरूभित्र पारदर्शिता र आन्तरिक लोकतन्त्रको अभावले समावेशितालाई केवल औपचारिकतामा सीमित बनाउने खतरा देखियो । संसद्मा कुनै दलले बहुमत ल्याउने अवस्था रहेन । यसले गर्दा प्रणालीमाथि नै बहस हुन थाल्यो । मिश्रित निर्वाचन प्रणालीले बहुमत दिँदैन भन्ने सबैलाई थाहा छ । यो प्रणालीले त्यतिबेला काम गर्छ, जब राजनीतिक दलहरूमा सहमतीय संस्कारको विकास हुन्छ । हाम्रा दलहरू अझै संस्थागत हुन सकेका छैनन् । चुनावको सिद्धान्त भनेकै बहुमत ल्याउनेले पाँच वर्ष शासन गर्ने र बहुमत नल्याउनेले प्रतिपक्षमा रहेर सरकारलाई खबरदारी गर्ने नै हो । तर हाम्रा दलहरूमा त्यो धैर्यता नहुँदा राजनीतिक प्रणाली र दलहरूबीचको चरित्रमा ठूलो अन्तर देखा परेको छ । यसैको परिणामस्वरुप सत्ता र शक्ति केन्द्रित निरन्तर हुने गठबन्धनले आम नागरिकमा व्यवस्थाप्रतिनै अविश्वास बढायो ।

संसारमा कुनै निर्वाचन प्रणाली राम्रो वा नराम्रो भन्ने कुरालाई भन्दा त्यसलाई चलाउने व्यक्तिको क्षमतामा मूल्याङ्कन गर्ने गरिन्छ । राम्रो शासन व्यवस्था भएका, भ्रष्टाचार कम भएका, सुशासन भएका र जनता खुसी भएका देशहरूको सूचीलाई हेर्दा त्यस्ता बहुमत देशहरूले पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपनाएको देखिन्छ । बहुमतीय प्रणालीमा कुनै दलको बहुमत नआए पनि राजनीतिक दलहरूबीच मिलेर संयुक्त सरकार चलाएको छिमेकी मुलुक भारतबाटै सिक्न सकिन्छ । समावेशिताको सवालमा नेपालको निर्वाचन प्रणालीले ऐतिहासिक उपलब्धि हासिल गरेको भए पनि यसको गुणात्मक पक्ष अझै कमजोर रहेको आम गुनासो छ । संसद्मा सङ्ख्या बढ्नु मात्र पर्याप्त होइन; नीति निर्माणमा प्रभावकारी सहभागिता सुनिश्चित हुनुपर्छ । हामीले जे जे निर्वाचन प्रणाली अभ्यासमा ल्यायौँ, विगतमा जति पटक बहुमतका सरकार बने तर ती दलहरूभित्र आन्तरिक व्यवस्थापन नहुँदा अल्पायुमै सरकारहरू ढल्न पुगे ।

यद्यपि हाम्रो निर्वाचन प्रणालीमा केही सुधार गर्न आवश्यक छ । समानुपातिकलाई दलहरूले नराम्ररी गिजोल्ने काम गरे । केही वर्षयता निर्वाचन निकै खर्चिलो बनेको छ । अपवित्र पैसा चलाउने व्यक्ति अगाडि आएको छ । इमान्दार व्यक्तिले निर्वाचन नलड्ने अवस्था आएको छ भने असमानबीच प्रतिस्पर्धा हुने गरेको छ । शासनको अभ्यास गर्दा गलत परिपाटीको विकास गरिएको छ । दल र सरकारबीच फरक देखिएन । राज्य संयन्त्रलाई दलका स्थानीयदेखि केन्द्रसम्मका समानान्तर संस्थाहरूले दलको बन्धक बनाउने अवस्था रहेको छ । निर्वाचित निकायले स्वतन्त्रतापूर्वक काम गर्न नपाएको अवस्था देखिन्छ । यसले गर्दा नेता-कार्यकर्तालाई जसरी पनि शक्तिमा जानुपर्ने महत्वाकांक्षा बढेको छ ।

राजनीतिमा परिपक्वता आउनु जरुरी छ । दलहरूमा सहिष्णुता, आन्तरिक लोकतन्त्रको अभ्यास, उत्तरदायी र जिम्मेवारी हुनुपर्छ । जब लोकतन्त्र परिपक्व हुँदै जान्छ, दलहरूको प्रस्तुतिमा पनि परिमार्जन हुँदै जान्छ । पश्चिमी देशहरूमा कुनै खास अवस्थामा मात्र दलहरू मैदानमा आउँछन्, अरू बेला निष्क्रिय रहन्छन् । शासन सत्तामा अतिक्रमण गर्दैनन् । यसले गर्दा दलहरू जनतामाझ बदनाम भएका हुँदैनन् । हाम्रो देशमा पनि यस किसिमको राजनीतिक सुधारको आवश्यकता रहेको छ ।

अब के गर्ने ?

निर्वाचनबाट आउने संसद्लाई समावेशी, जनउत्तरदायी र जिम्मेवारपूर्ण बनाउन हालको निर्वाचन प्रणालीमा केही सुधारका विकल्पहरू हुन सक्दछन् । हामी पहिलेको जस्तो बहुमतीय (पहिलो हुने निर्वाचित हुने) प्रणालीमा जान सक्छौँ तर यसमा प्रतिनिधित्व नहुनेहरूका लागि उम्मेदवारीमै मिलाउन सकिन्छ । उम्मेदवारीमा जनसङ्ख्याकोप्रतिशतकोआधारमा गर्न सकिन्छ । यसका विभिन्न अभ्यासहरू छन् । अर्को विकल्प भनेको पूर्ण समानुपातिक हुन सक्छ । यसो गर्दा निर्वाचन खर्च कम हुने, अशान्ति नहुने हुन्छ । विगतका समानुपातिक प्रणालीका कमजोरीलाई कानुनबाट नियन्त्रण गर्न सकिन्छ । अत्यधिक खर्चले राजनीतिक प्रतिस्पर्धालाई असमान बनाउँछ, धनबलको प्रभाव बढाउँछ र योग्य तर आर्थिक रूपमा कमजोर उम्मेदवारहरूलाई प्रतिस्पर्धाबाट बाहिर धकेल्छ । यसले दीर्घकालमा राजनीतिक नेतृत्वको चरित्र नै परिवर्तन गर्न सक्छ ।

तेस्रो विकल्प भनेको हालको जस्तो मिश्रित निर्वाचन प्रणालीमा जाँदा प्रत्यक्षतर्फको उम्मेदवारीमा भएको अन्यायको अन्त्य गर्नुपर्छ । अहिले समानुपातिकतर्फको सिटलाई सबै जनसङ्ख्यालाई कोटामा बाँड्यौं तर त्यो कोटामा आर्थिक, सामाजिक, शैक्षिक रूपमा पछाडि परेका वर्गलाई न्याय गर्न सकेनौँ । अंशबण्डा गरेर होइन, जो प्रत्यक्ष्यबाट आउन सक्तैन, विविध कारणबाट कमजोर छ त्यो लिङ्ग, समूह र वर्गलाई मौका दिनुपर्ने हुन्छ र त्यसकालागि मात्र कोटा छुटयाउँदा हुन्छ । अरू सक्षमहरू प्रत्यक्ष निर्वाचनबाटै आउन सक्छन् । त्यस्तै समग्र देशलाई एउटा निर्वाचन क्षेत्र मानेर समानुपातिक सूची तयार गर्दा दलको नेतृत्वले आफूलाई अनुकूल हुने गरी क्षेत्रीय संतुलन नमिल्ने गरी उम्मेदवार छनोट गर्न थाले । यसो गर्दा कुनै क्षेत्र, वर्ग वा समुदायबाट कसैको प्रतिनिधित्व नहुने, कसैको धेरै हुने अवस्था छ । अब त्यसको सट्टा प्रदेशस्तरीय सूची बनाउन सकिन्छ । यसो गर्दा हरेक प्रदेशको विशेषता, त्यहाँको भूगोल, जनसङ्ख्या, संस्कृतिको प्रतिनिधित्व हुन सक्छ । यसमा ८० प्रतिशत प्रादेशिक र २० प्रतिशत राष्ट्रिय दृष्टिले सूची बनाउन सकिन्छ । त्यो २० प्रतिशतमा राज्यले सम्मान गर्नुपर्ने, संसद्मा नभई नहुने विशिष्ट व्यक्तिहरूलाई समेट्न सकिन्छ ।

समानुपातिकतर्फ हालको थ्रेसहोल्ड तीन प्रतिशतको प्रावधानले गर्दा सरकार बनाउन समस्या भएको भन्ने पनि गरिन्छ । यदि त्यसो हो भने यसमा थोरै थपघट गर्दा फरक पर्दैन । लक्षित वर्गलाई समेट्ने गरी कोटा छुटयाउँदा अहिलेको भन्दा आधाभन्दा बढी समानुपातिक सिट आवश्यक पर्दैन । त्यसरी बचत हुने सिटबाट प्रत्यक्षतर्फको सिट बढाउन पनि सकिन्छ । यसो गर्दा दलले बहुमत ल्याउन सक्ने सम्भावना हुनसक्छ ।

आसन्न निर्वाचनको महत्व

अहिलेको निर्वाचन असामान्य परिस्थितिले ल्याएको असामान्य निर्वाचन हो । यो अवस्था आउनुमा धेरै तत्वहरू जिम्मेवार छन् । शासन प्रणालीमा उत्तरदायित्व, जवाफदेहिता, सेवा प्रवाह, भ्रष्टाचार, पुस्तान्तरणका प्रश्नहरूले जेनजी आन्दोलनको प्रस्फुटन गऱ्यो । यी प्रश्नहरूको सम्बोधन गर्नु अबको संसद्को सबैभन्दा ठूलो जिम्मेवारी हुनेछ। यी मुद्दाहरूलाई अपनत्व गरी निकास दिन हाम्रा कानुन, नीति, प्रणालीमा सुधार गर्नुपर्छ, संरचनाहरूलाई बलियो बनाउनुपर्छ र सुशासनको राजमार्गमा देशलाई हिँडाउनुपर्छ । आज नेपालको लोकतन्त्रको भविष्य निर्वाचन प्रणालीको विश्वसनीयतासँग प्रत्यक्ष रूपमा जोडिएको छ । जनताले आफ्नो मतको मूल्य सुरक्षित रहेको अनुभूति नगरेसम्म लोकतन्त्रको आधार कमजोर रहन्छ । निर्वाचन प्रणाली स्थिर संरचना होइन; यो समाजको परिवर्तनसँगै परिमार्जित हुँदै जानुपर्ने जीवित प्रणाली हो । समावेशिता, पारदर्शिता, खर्च नियन्त्रण, प्रविधिको विश्वसनीय प्रयोग र राजनीतिक संस्कृतिमा सुधार- यी सबै पक्षलाई सन्तुलित रूपमा अघि बढाउन सके मात्र नेपालको लोकतन्त्र सुदृढ बन्न सक्छ ।

आगामी फागुन २१ गते हुन गइरहेको निर्वाचनलाई सफल पार्नु हामी सबैको दायित्व हो । निर्वाचन हुन नसक्दा आउने परिणति हामीले सोचेभन्दा डरलाग्दो हुनेछ । त्यस्तो अवस्था कसैका लागि पनि फलदायी हुन सक्दैन । निर्वाचन गराउने जिम्मेवारी निर्वाचन आयोगको भए पनि हामी सबैको उत्तिकै भूमिका छ । यस निर्वाचन प्रणालीको अभ्यासबाट कसैको बहुमत आउला-नआउला भन्न सकिन्न । धेरै सिट जितेर सरकारको नेतृत्व गर्ने दलले आफूलाई मात्र हेरेर अगाडि बढ्न खोजे देशमा हिजो भोगेको परिणति पुनः दोहोरिनेछ । कुनै दलको बहुमत आउन नसक्दा संयुक्त सरकार बनाउनुपर्ने हुन्छ । त्यति बेला फेरि अपवित्र किसिमको गठबन्धन गरेर जनतालाई निराश पार्नु हुँदैन । नयाँ संसद् बनेलगत्तै सबैको सहमतिबाट एउटा सङ्कल्प प्रस्ताव पारित गरी देशलाई मार्गनिर्देशन गर्न सकोस् र जनतालाई थप निराशाबाट रोक्न सकोस् भन्ने नै शुभकामना । (प्रस्तुत विचार पूर्वप्रमुख निर्वाचन आयुक्त पोखरेलसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित)

# तटबन्ध निर्माणपछि सुरक्षित बन्यो कुतियाकवर

दोधारा चाँदनी (कञ्चनपुर), १४ फागुन/रासस । जोगबुढा नदीमा तटबन्ध निर्माण भएपछि बाढीबाट प्रभावित हुँदै आएको कुतियाकवर सुरक्षित बनेको छ । वर्षौंदेखि बाढीको समस्या झेल्दै आएको दोधारा चाँदनी नगरपालिका-१० कुतियाकवर स्थित जोगबुढा नदीमा ८०० मिटर लामो तटबन्ध निर्मण भएपछि बस्तीमा बाढीको त्रास हटेको छ । पूर्वमा महाकाली र उत्तरमा जोगबुढा नदीको दोसाधमा रहेको कुतियाकवर हरेक वर्ष जोगबुढा नदी र महाकाली नदीको बाढीबाट प्रभावित हुँदै आएको थियो । वर्षायाममा डुबानबाट विस्थापित हुने यहाँका स्थानीयले जोगबुढा नदीमा तटबन्ध निर्माणपछि सुरक्षित महसुस गरेका छन । गत आर्थिक वर्षमा सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाले जोगबुढा नदीमा ८१६ मिटर लामो तटबन्ध निर्माण गरेपछि बस्ती सुरक्षित बनेको यहाँका स्थानीय बताउँछन् ।

यहाँका स्थानीय खडक बुढाले यहाँ तटबन्ध निर्माणपछि बस्ती नै सुरक्षित बनेको बताउनुभयो । "विगतमा नदीको कटानले यहाँको बिघौं जग्गा महाकाली नदीमा समाहित भइसकेको छ", बुढाले भन्नुभयो, "वर्षायाममा बाढीको डरले यहाँबाट दोधारा बसाइसर्थ्यौं अब तटबन्ध बनेपछि हामीलाई ठूलो राहत भएको छ ।" उहाँले यस पटक नदीमा तटबन्ध बनेपछि वर्षौंदेखि झेल्दै आएको बाढीको पीडाबाट मुक्ति पाइने बताउनुभयो । "महाकाली नदीमा करिब ४०० मिटर तटबन्ध बन्न बाँकी छ", उहाँले भन्नुभयो, "उक्त स्थानमा पनि तटबन्ध बने यहाँको डुबान र कटानको समस्याबाट मुक्ति पाइन्छ ।"

दोधारा चाँदनी नगरपालिका-१० का वडाध्यक्ष चन्द्रबहादुर सिंहले जोगबुढा नदीमा तटबन्ध निर्माण भएपछि कुतियाकवर बस्ती सुरक्षित बनेको जानकारी दिनुभयो । "तटबन्ध निर्माणले बस्ती सुरक्षित भएको छ,यहाँका स्थानीयलाई बाढी र डुबानको त्रास हटेको छ ।" वडा अध्यक्ष सिंहले भन्नुभयो, "जोगबुढामा अन्य स्थानमा पनि तटबन्ध निर्माण हुँदैछ यसले यहाँको बाढीको समस्या हट्नेछ ।" उहाँका अनुसार विगतमा यो बस्ती बाढीबाट सबैभन्दा बढी प्रभावित हुँदै आएको थियो । उक्त बस्तीमा नेपाली सेनाले पनि सेफ हाउस निर्माण गरेर नगरपालिकालाई हस्तान्तरण गरिसकेको छ । विसं २०२२ सालदेखि बसोबास रहेको यो बस्तीमा डेढ सय परिवारको बसोबार रहेको थियो । महाकाली र जोगबुढा नदी बस्ती पस्न थालेपछि यहाँबाट १०० घरपरिवार विस्थापित भएका छन् । तटबन्ध निर्माणपछि पलायन रोकिए अपेक्षा स्थानीयको छ ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाले कुतियाकवरस्थित जोगबुढा नदीमा तटबन्ध निर्माणका लागि गत चैत २५ मा रु पाँच करोड १६ लाख ६७ हजारमा शङ्कर कन्ट्रक्सनसँग ठेक्का सम्झौता गरेको थियो । सम्झौताअनुसार ८१६ मिटर लामो तटबन्ध २०८२ चैत २५ भित्र सम्पन्न गरिसक्नुपर्ने थियो ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना महेन्द्रनगरका प्रमुख रञ्जनराज भट्टराईले उक्त स्थानमा तटबन्ध निर्माणपछि बस्ती सुरक्षित बनेको जानकारी दिनुभयो । उहाँले आयोजना कार्यालयबाट कञ्चनपुरमा महाकाली नदी, जोगबुढा, दोदा नदी र कैलालीको मोहना कुटिया लगायत विभिन्न नदी नियन्त्रणका काम भइरहेको बताउनुभयो । "गत आर्थिक वर्षमा ठेक्का सम्झौता भएको योजनाहरुको काम अन्तिम चरणमा छ", उहाँले भन्नुभयो, "यहाँका स्थानीयबाट नदी नियन्त्रणको माग धेरै आउँछ आयोजनासँग बजेट अभाव छ ।" गत आवमा स्रोत सहमति लिएर ठेक्का सम्झौता भएका काम सम्पन्न गर्न करिब रु १० करोड बजेट अपुग देखिएको छ । उक्त बजेट थपका लागि आयोजना कार्यालयले प्रक्रिया अघि बढाइसकेको जनाएको छ । दोधारा चाँदनी सुक्खा बन्दरगाहस्थल महाकाली नदी छेउ छ लेनको पक्की सडक निर्माण भएको छ । महाकाली नदीमा बनेका तटबन्ध कमजोर भएकाले मर्मतसम्भार गर्नुपर्ने भए पनि आयोजनासँग बजेट अभाव हुँदा मर्मत हुन सकेको छैन ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया citypostdaily2004@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । –सं.



महोत्तरी जिल्ला निर्वाचन कार्यालयको आयोजनामा सदरमुकाम जलेश्वरमा निर्वाचनमा सहभागी हुने मतदान अधिकृत र सहायक मतदान अधिकृतहरूलाई प्रशिक्षणपश्चात् नमूना मतदान गराइँदै । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# मत्याङडाँडामा त्रि-धार्मिक संरचना निर्माण

भोजपुर, १४ फागुन/रासस । धार्मिक विविधताबीच एकता, सहअस्तित्व र आपसी सद्भाव कायम गर्ने उद्देश्यले जिल्लाको अरुण गाउँपालिकास्थित मत्याङडाँडामा त्रि-धार्मिकस्थल निर्माण गरिएको छ । यहाँ एउटै परिसरमा हिन्दू, बौद्ध र किरात धर्मसँग सम्बन्धित संरचनाहरू निर्माण गरिएका हुन् । धर्मका नाममा विभाजन होइन, एकता र सहिष्णुताको सन्देश प्रवाह गर्ने लक्ष्यसहित अरुण आध्यात्मिक प्रतिष्ठानले करिब ५० रोपनी क्षेत्रफलमा फैलिएको यस स्थानमा योजनाबद्ध रूपमा संरचना निर्माण गरेको हो । प्रतिष्ठानका सचिव सोमनाथ शर्माले तीन वटै धर्मावलम्बीले एकैस्थानमा आफ्ना धार्मिक परम्परा, संस्कार र अभ्यासलाई निरन्तरता दिन संरचना निर्माण गरिएको बताउनुभयो । हिन्दू धर्मावलम्बीका लागि आकर्षक शैलीमा मन्दिर, किरात समुदायका लागि सांस्कृतिक पहिचान झल्कने मानखिम घर तथा बौद्ध धर्मावलम्बीका लागि शान्तिको प्रतीक स्तूपा निर्माण गर्नुका साथै धार्मिक ज्ञान आदान-प्रदानलाई संस्थागत बनाउन पाठशाला सञ्चालनमा ल्याइएको उहाँले जानकारी दिनुभयो । हाल उक्त पाठशालामा ७२ जना प्रशिक्षार्थी अध्ययनरत छन् । उनीहरूले तीनै धर्मसम्बन्धी



आधारभूत तथा व्यावहारिक ज्ञान हासिल गरिरहेका छन् ।

"यसका अतिरिक्त गौशाला, बहुउद्देश्यीय सभाहल, भोजनालय, अतिथि गृह, योगशालालगायतका संरचनाहरू निर्माण गरिएका छन् । यहाँ नियमित रूपमा ध्यान, योग, सत्सङ्ग, प्रवचन, भजन-कीर्तन तथा धार्मिक-सांस्कृतिक कार्यक्रम सञ्चालन हुँदै आएका छन्", सचिव शर्माले बताउनुभयो,"विशेष पर्व-उत्सवका अवसरमा तीनै धर्मका अनुयायीहरू एकैस्थानमा भेला भएर कार्यक्रम आयोजना गर्ने परम्परा बसाल्ने प्रयास भइरहेको छ । यसले स्थानीयस्तरमा आध्यात्मिक चेतना अभिवृद्धि हुनाका साथै सामाजिक एकता अझ सुदृढ बन्ने हाम्रो विश्वास छ ।"विसं २०७७ देखि सुरु गरिएको निर्माण कार्यमा हालसम्म सङ्घीय र प्रदेश सरकार तथा जिल्लाका नौवटै स्थानीय तह तथा विभिन्न सङ्घ-संस्थाको सहयोगमा करिब रु आठ करोड बराबरको लगानी प्राप्त भएको प्रतिष्ठानले जनाएको छ । चरणबद्ध रूपमा संरचना विस्तार गर्ने योजनाअनुसार हाल भारतीय दूतावासको करिब रु चार करोड र गाउँपालिकाको रु एक करोड लागत साझेदारीमा विद्यालय भवन निर्माण भइरहेको छ ।

समाजसेवी डा लोचन कार्कीले यस क्षेत्रलाई धार्मिक तथा 'दिव्यभूमि'का रूपमा विकास गर्ने लक्ष्यसहित आफ्नो परिवारले करिब ३० रोपनी जग्गा निःशुल्क उपलब्ध गराएको बताउनुभयो । "त्रि-धार्मिक स्थलको स्थापनाले धार्मिक पर्यटन प्रवर्द्धनमा समेत उल्लेखनीय टेवा पुग्ने अपेक्षा गरिएको छ । धार्मिक सहअस्तित्वको सन्देश दिने यस्तो संरचनाले देश-विदेशबाट पर्यटक भित्र्याउन मद्दत पुग्नेछ", उहाँले भन्नुभयो ।बौद्ध धर्मका जानकार (लोचावा) पुण्यप्रसाद सुवेदीले आफ्नै पहल तथा विभिन्न दाताको सहयोगमा बौद्ध स्तूपा निर्माण गरिदिएको बताउनुभयो । हाल काठमाडौँमा बसोबास गर्दै आए पनि जन्मभूमिप्रति गहिरो माया राख्दै स्तूपा निर्माण गरिएको उहाँले उल्लेख गर्नुभयो । सुवेदीले धार्मिक संरचनाले स्थानीय युवापुस्तालाई आफ्नो मौलिक पहिचान र आध्यात्मिक मूल्यमान्यतासँग जोड्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

धर्मगुरु प्राडा गुरुप्रसाद सुवेदीले यस क्षेत्रलाई भविष्यमा धार्मिक अध्ययन तथा अनुसन्धान केन्द्रका रूपमा विकास गर्न सकिने बताउनुभयो ।

# 'अङ्ग परिवर्तनपछिको जटिलतालाई सम्बोधन गर्न अलग नीति चाहियो'

काठमाडौँ, १४ फागुन/रासस । अङ्ग परिवर्तन पछिकोसङ्क्रमणरजटिलताहरुलाई सम्बोधन गर्न छुट्टै नीति, ऐन तथा कार्यक्रमको आवश्यकता औँल्याइएको छ ।

विशेषगरी लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय भित्रका यौन अङ्ग परिवर्तन गरेका तथा यस्तो चाहना राखेकाहरुले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मातहतका स्वास्थ्य प्रदायक निकायबाट प्रदान गरिने स्वास्थ्य सेवामा यौन अङ्ग परिवर्तन पछिको सङ्क्रमण र जटिलताहरु सम्बोधन नभएको गुनासो गर्दै अलग नीति, ऐन तथा कार्यक्रमका माग गरेका हुन् ।

नेपाल परिवार नियोजन सङ्घद्वारा नीलहीरा समाजसँगका सहकार्यमा बुधबार सङ्घको केन्द्रीय कार्यालय पुल्चोकमा आयोजित 'हाम्रो समुदाय, हाम्रो उत्तरदायित्व' विषयक कार्यक्रमका सहभागीले सरकारी स्वास्थ्य संस्थामा अलग 'हर्मोनल क्लिनिक' जरुरी रहेको बताएका हुन् । हाल 'ट्रान्स जेण्डर'कति छन् भन्ने एकीन तथ्याङ्क छैन । उहाँहरुले भन्नुभयो, "सरकारी अस्पतालमा 'हर्मोनल क्लिनिक'को सुबिधा भएमा यौन अङ्ग परिवर्तनपछिको आउने स्वास्थ्य समस्याको जोखिम कम हुने थियो । 'हर्मोनल ब्यालेन्स' नहुँदा 'एन्जाइटी' हुने गर्दछ । कहिलेकाहीँ 'इन्फेक्सन'समेत हुने गर्दछ । यस्ता समस्यालाई सम्बोधन गर्न 'हर्मोनल क्लिनिक' आवश्यक छ । 'हर्मोन ब्यालेन्स' गर्ने औषधि निःशुल्क हुनुपर्दछ ।"लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायभित्रका विशेषगरी यौन अङ्ग परिवर्तन गरेका समूहहरुको अङ्ग परिवर्तन गरिसकेपछि देखापर्ने समस्या, सङ्क्रमण व्यवस्थापन र जटिलताहरुलाई कसरी सम्बोधन गर्ने भन्ने ध्येयले सो कार्यशाला आयोजना गरिएको सङ्घले जनाएको छ । कार्यक्रममा स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखाका प्रमुख शर्मिला दाहालले सुरक्षित मातृत्व तथा प्रजनन स्वानस्थ्य ऐनमा सबै व्यक्तिहरुका लागि प्रजनन



स्वास्थ्य सेवाको प्रावधान राखिएको चर्चा गर्दै ऐनले कसैलाई विभेद नगरेको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको माग 'हर्मोनल' सेवा हो, जुन तत्काल नीति नियम नबनाई सञ्चालन गर्ने अवस्था छैन, कुन तहको अस्पताल वा सेवाकेन्द्रमा कसरी सेवा सञ्चालन गर्ने भनेर नियमावलीले बोल्नुपर्छ। यसका लागि समुदायबाट 'एड्भोकेसी' पुगेको छैन । नीतिनिर्माण गर्ने तहमा तपाईंहरुबाट सचेतना, वकालत आवश्यक छ । यसमा सरकारको सधैं साथ र सहयोग रहने नै छ । साथै यो समुदायभित्रै दुई धार छ । तपाईंहरु मिलेर आउनुस् ।

एउटा समूह एउटा मुद्दाको पक्षमा हुन्छ अर्को समूह विपक्ष । यसबाट सरकारलाई काम गर्न असहज हुन्छ र मिलेर आए समस्या पनि सहज हुन्छ ।"परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखाका प्रमुख दाहाले आफूले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका समस्यालाई गहिरोसँग बुझेको जानकारी दिँदै स्वास्थ्य र अधिकारको संरक्षणका लागि सधैं काम गर्ने बताउनुभयो । उहाँले भन्नुभयो,"'हर्मोनल' सेवा सञ्चालन तत्काल गर्न नसकिए पनि अङ्ग परिवर्तन पछिको सङ्क्रमण र जटिलताहरु सम्बोधन गर्न के गर्न सकिन्छ भनेर परिवार नियोजन सङ्घसँग बसेर थप छलफल भने अवश्य गर्नेछौँ ।"कार्यक्रममा नेपाल परिवार नियोजन सङ्घका कार्यकारी निर्देशक डा प्रवीण शाक्यले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका आ-आफ्ना स्वास्थ्य समस्या रहेको चर्चा गर्दै सङ्घको क्षमताले भ्याएसम्म सहयोग गर्दै आएको, आगामी दिनमा गर्ने र यस्ता सहयोग गर्नु हाम्रो दायित्व रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "तर कतिपय विषयमा स्पष्ट नीति नियमहरु नहुँदा कार्यक्रम सञ्चालनमा व्यवधानहरु आउँछन्, यीनै विभिन्न कारणले सङ्घले 'हर्मोन क्लिनिक' सेवालाई सुचारु गर्न सकेन ।"कार्यकारी निर्देशक डा शाक्यले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरुको मुद्दा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृति र प्राविधिकलगायतका साझा मुद्दा रहेको उल्लेख गर्दै यसलाई नीतिगत रुपमै सम्बोधन गर्नुपर्छ भन्नुभयो । उहाँले भन्नुभयो "नीलहीरा समाज र सहभागीहरुलाई समस्या भोगिरहेका र समाजमा खुलिसकेका सहभागीलाई आफ्ना व्यक्तिगत व्यथाहरुलाई तथ्याङ्कसहित सन्देशमूलक रुपमा प्रस्तुत गर्दा अझ बढी संवेदनशील हुनसक्ने भनेर सो अनुसार तयारी गरेर सरकारसँग र नीति निर्माण तहमा वकालत गर्न अनुरोध गर्दछु । तथ्याङ्क र व्यक्तिगत कथाहरुलाई दरिलो रुपमा प्रस्तुत गर्न सकेका कारण गर्भपतनको कानुनले मान्यता प्राप्त गर्न सकेको उदाहरणलाई प्रस्तुत गर्दै सहभागीहरुलाई आफ्ना अधिकारका क्षेत्रमा थप वकालत गर्दछु ।"कार्यक्रममा नीलहीरा समाजका प्रमुख मनिषा ढकालले अङ्ग परिवर्तनपछि समस्या, सङ्क्रमण र जटिलताहरु आउने र यस्ता समस्या लिएर अस्पताल जाँदा विभेद हुने गरेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, " अङ्ग परिवर्तन गरिसकेपछि समस्या, सङ्क्रमण र जटिलताह देखापर्छ तब हामी सेवाका लागि अस्पताल वा सेवाकेन्द्र जाँदा लाञ्छना र भेद्भावहरु सहनुपर्छ ।


## लहान नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### लहान (सिरहा)
### मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति: २०८२/११/१५)

यस कार्यालयबाट मिति २०८२/०९/०६ मा राष्ट्रिय दैनिक पत्रिका हिमालय टाइम्समा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार देहाय वमोजिमको Contract ID/निर्माण कार्यको लागि प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र "न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही" ठहर भई स्वीकृतका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:-**

| सि.नं | ठे.नं. | योजनाको नाम र स्थल | बोलपत्रदाताहरुको नाम र ठेगाना | न्यूनतम कवोल अंक (भ्याट र PS समेत) रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 01. | LMUN-W17-NBC-2082-83-22 | Construction of Yagyabhumi Cricket Stadium at Ward No. 4, Lahan Municipality, Siraha | Sanjay-JC-Tanishka JV, Kathmandu | ५,६२,९४,६२८.१४ | बोलपत्र स्वीकृतको लागि सिफारिस |

**जयकान्त झा**
**(प्रमुख प्रशासकीय अधिकृत )**

# निर्वाचनमा साझा 'एजेन्डा', फरक दृष्टिकोण

**हेमन्त जोशी**

काठमाडौँ, १४ फागुन ⁄रासस । प्रतिनिधिसभा निर्वाचन, २०८२ नजिकिँदै गर्दा काठमाडौँ क्षेत्र नं ९ राजनीतिक रूपमा चासोको केन्द्र बनेको छ ।

राजधानीको पुरानो बस्ती, ऐतिहासिक नेवार समुदायको बाक्लो उपस्थिति, मध्यम वर्गीय मतदाता, नयाँ सहरी मतदाताको बढ्दो प्रभाव र वैकल्पिक राजनीतिक धारको खोजीले यो क्षेत्रलाई सधैँजसो प्रतिस्पर्धात्मक बनाउँदै आएको छ ।

यही पृष्ठभूमिमा आगामी निर्वाचनका लागि यहाँ विभिन्न दल र स्वतन्त्र गरी २४ जना उम्मेदवार मैदानमा उत्रिएका छन् । काठमाडौँ क्षेत्र नं ९ मा ३४ वटा मतदानस्थल र ९० वटा मतदान केन्द्र रहेका छन् । राजनीतिक दलका १८ र स्वतन्त्र छ जना गरी कूल उम्मेदवार सङ्ख्या २४ जना छ ।

यसमध्ये २० पुरुष र चार महिला उम्मेदवार छन् । उम्मेदवार हरूको समावेशी प्रतिनिधित्व हेर्दा ४१ दशमलव ६७ प्रतिशत खस आर्य, ५४ दशमलव १७ प्रतिशत आदिवासी जनजाति र चार दशमलव १७ प्रतिशत दलित उम्मेवार रहेका छन् ।

यो निर्वाचन क्षेत्रमा कूल मतदाता सङ्ख्या ७८ हजार ४९५ रहेकामा पुरुष मतदाता ४८ दशमलव ६९ प्रतिशतअर्थात् ३८ हजार २१७ र महिला मतदाता सङ्ख्या ५१ दशमलव ३१ प्रतिशतअर्थात् ४० हजार २७८ रहेको छ । यस निर्वाचन क्षेत्रमा काठमाडौँ महानगरपालिका वडा नम्बर १२, १४, २१, २२, चन्द्रागिरि नगरपालिका १, १२, १३, १४, १५ र नागार्जुन नगरपालिका ६, ७, ८, ९, १० पर्दछन् । सबैजसो उम्मेदवारले सुशासन, भ्रष्टाचार नियन्त्रण, पारदर्शी सेवा प्रवाह र व्यवस्थित विकासलाई साझा एजेन्डा बनाएका छन् । ट्राफिक व्यवस्थापन, ढल-फोहर सुधार, हरित क्षेत्र संरक्षण, पर्यटन प्रवर्द्धन, युवालाई रोजगारी सिर्जना, प्राविधिक शिक्षा र सहज स्वास्थ्य सेवामा समान प्रतिबद्धता देखिन्छ । धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्दै क्षेत्रलाई नमूना बनाउने लक्ष्य पनि सबैको साझा छ ।

नेपाली कांग्रेसका तर्फबाट काठमाडौँ क्षेत्र नं ९ की उम्मेदवार नानुमैया बास्तोलाले विशेषमहाधिवेशनपछिपार्टीभित्र देखिएको उत्साहले आफूलाई थप ऊर्जा दिएको र आफूलाई परीक्षण गर्ने ऐतिहासिक समय आएको बताउनुभयो।"नेपालीकांग्रेसको विशेष महाधिवेशनपछि नयाँ नेतृत्वको उत्साह छ ।

युवा पुस्ता र महिलाको प्रतिनिधित्व बढेको छ । म यही क्षेत्रकी स्थायी बासिन्दा हुँ, यहाँका जनभावना बुझेको छु, जनताका आवाज सुनेको छु, अब तिनलाई कानुनमार्फत सम्बोधन गर्ने समय आएको छ", उहाँले भन्नुभयो ।

काठमाडौँ-९ मा कलङ्की-थानकोट नाका पर्ने क्षेत्र भएकाले 'कनेक्टिङ हब'का रुपमा यस क्षेत्रको ट्राफिक व्यवस्थापन पहिलो प्राथमिकता रहेको उहाँको भनाइ छ । सुविधासम्पन्न पार्किङ, वैकल्पिक बाटो निर्माण, तरकारी बजार व्यवस्थापन, नदी वरिपरिका बस्ती र टेकु तथा विष्णुदेवी घाटको संरक्षण-व्यवस्थापनमा काम गर्न आवश्यक रहेको बास्तोलाको भनाइ छ ।

"कलङ्की-थानकोट नाका देशकै प्रमुख प्रवेशद्वार हो । ट्राफिक व्यवस्थापन, भूमिगत तार विस्तार, व्यवस्थित सडक, ढल र फोहर व्यवस्थापन नगरी यहाँको विकास सम्भव छैन । कानुन बनाउन नै संसद् जाने हो, विकास र समृद्धिका लागि स्पष्ट ब्लु-प्रिन्ट लिएर म चुनावमा उत्रिएकी छु", उहाँले भन्नुभयो ।

उहाँले चन्द्रागिरि-१ लाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने, नेवा समुदायको धार्मिक परम्परा, संरचना र रीतिरिवाज संरक्षण गर्ने तथा पुराना बस्ती र मन्दिर जोड्ने 'हेरिटेज वाक' सुरु गर्ने योजना सुनाउनुभयो । सहर र गाउँको सङ्गमका रूपमा 'कन्ट्री-साइड रेजिडेन्सी', होम-स्टे, हरियाली क्षेत्र, सुरक्षित र व्यवस्थित बस्ती विकासलगायतका नागरिक आकांक्षा आफूले बुझेको पनि उहाँको भनाइ छ। बास्तोलालाई कांग्रेसले प्रदेश सभा निर्वाचनको उम्मेदवार बनाएको थियो । प्रदेश सभा निर्वाचन क्षेत्र नम्बर १ मा बास्तोला राष्ट्रिय प्रजातन्त्र पार्टीका नुरज बज्राचार्यसँग पराजित हुनुभएको थियो ।

त्यस्तै, सुशासन र भ्रष्टाचार नियन्त्रणलाई पनि बास्तोलाले मुख्य एजेण्डा बनाउनुभएको छ । "जेनजी आन्दोलनपछिको निर्वाचनले जनतामा सुशासनको अपेक्षा बढाएको छ । म पार्टीभित्रै पनि सुशासन आयोग स्थापना हुनुपर्छ भनेर बोल्ने व्यक्ति हुँ । भ्रष्टाचार नियन्त्रण बिना विकास सम्भव छैन", उहाँले जोड दिँदै भन्नुभयो । शिक्षा, स्वास्थ्य, खानेपानी र जीविकोपार्जनका मुद्दा, युवाका लागि रोजगारी सिर्जना र विदेशिएका युवालाई स्वदेश फर्काउने वातावरण निर्माण, महिला सशक्तिकरणलाई आर्थिक-सामाजिक-लैङ्गिक रूपमा बलियो बनाउने तथा ज्येष्ठ नागरिकका हकहित सुनिश्चित गर्ने प्रतिबद्धता पनि उहाँले मतदातासँग जनाउँदै आउनुभएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार डोलप्रसाद अर्याल (डिपी) काठमाडौँ प्रतिनिधिसभा क्षेत्र नं ९ लाई समावेशी, सुशासित र नमूना क्षेत्र बनाउने प्रतिबद्धतासहितका चुनावी एजेन्डा लिएर घरदैलोमा हुनुहुन्छ । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएका र अल्पसङ्ख्यक समुदायको आत्मसम्मान र सामाजिक न्याय सुनिश्चित गर्ने गरी सेवा प्रवाह सुधारलाई पनि उहाँले प्राथमिकतामा राख्नुभएको छ । अर्यालका अनुसार युवा तथा खेलकुद विकासतर्फ पुरानो नैकाप खेलमैदान स्तरोन्नति, नयाँ खेल संरचना निर्माण, स्टार्टअप र प्रविधिमा युवालाई प्रोत्साहन गर्ने योजनासहित उहाँले मत मागिरहनुभएको छ ।

रोजगारी सिर्जनाका लागि व्यावसायिक तालिम केन्द्र स्थापना गरी विदेशबाट फर्किएका युवालाई प्रशिक्षकका रूपमा परिचालन गर्ने, सफल उद्यमीका कथा साझेदारी गर्ने तथा तीन सिफ्टमा काम हुने नीति ल्याउने पनि उहाँका एजेन्डा छन् ।

त्यस्तै, पर्यटन विकासअन्तर्गत सेतो गुम्बा, इचंगुनारायण मन्दिर, कालुपाण्डे समाधि, स्विजरल्यान्ड पार्क, इन्द्रदह, बद्रीनारायण धाम र ऐन डाँडा क्षेत्रको संरक्षण-प्रवर्द्धन गर्दै कृषि तथा पर्यापर्यटन विस्तार गर्ने योजना अर्यालले सार्वजनिक गर्नुभएको छ । डाँडा र जङ्गल आसपास होमस्टे तथा आधुनिक होटल प्रवर्द्धन गरी पुरातात्विक सम्पदासँग जोडिएको टुरिस्ट सटल बस र नाइट लाइनर सञ्चालन गर्ने लक्ष्य पनि उहाँले राख्नुभएको छ ।

भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलता अपनाउने, प्रत्येक वडामा नागरिक अगुवासहित खबरदारी टोली गठन गर्ने र मासिक सार्वजनिक सुनुवाइमार्फत एक हप्तादेखि ३० दिनभित्र गुनासो समाधान गर्ने प्रतिबद्धता अर्यालले मतदातासँग जनाइरहनुभएको छ ।

त्यस्तै, भौतिक विकासमा न्यायोचित बजेट वितरण, कलङ्की-सतुङ्गल-नागढुङ्गा र सीतापाइला-भीमढुङ्गा हरित करिडोर, मेलम्ची खानेपानी विस्तार, वर्षा पानी सङ्कलन, ट्राफिक व्यवस्थापन, ढल तथा फोहोरमैला व्यवस्थापनमा सुधार गर्ने पनि प्राथमिकतामा राखिएका छन् । टेकु फोहर व्यवस्थापन, बल्खु खोला संरक्षण, धुलो नियन्त्रण र विद्यालयलाई भूकम्पीय जोखिममुक्त बनाउने विषय पनि प्राथमिकतामा छन् ।

वैकल्पिक राजनीति, सुशासन र पुराना दलप्रतिको निराशालाई मतमा बदल्न सक्ने आशा रास्वपाले बोकेको छ । काठमाडौँका सहरी मतदातामाझ रास्वपाको प्रभाव तुलनात्मक रूपमा बलियो मानिँदै आएकाले अर्याललाई मुख्य प्रतिस्पर्धीका रूपमा हेरिएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट डा अजयक्रान्ति शाक्य उम्मेदवार बन्नुभएको छ । शाक्य लामो समयदेखि पार्टी राजनीतिमा सक्रिय रहँदै आउनुभएको छ । उहाँ २०७४ सालको निर्वाचनमा प्रदेशसभातर्फ विजयी हुनुभएको थियो ।

एमालेका उम्मेदवार डा शाक्यले आफ्नो उम्मेदवारीलाई माटोप्रतिको अगाध स्नेह, तीन दशक लामो अटुट राजनीतिक निष्ठा र क्षेत्रको समग्र रूपान्तरणप्रतिको दृढ सङ्कल्पका रूपमा हेरिनुपर्ने बताउनुभयो । उहाँले राजनीति पद र प्रतिष्ठा प्राप्तिको सिँढी नभई 'बहुजन हिताय, बहुजन सुखाय, सर्वप्रकारेण जगत हिताय'को दर्शनबाट निर्देशित विशुद्ध जनसेवा र राष्ट्रियताको संवर्द्धन गर्ने लक्ष्य भएको बताउनुभयो ।

उहाँका अनुसार यसपटकको उम्मेदवारी सांसद सङ्ख्या थप्ने उद्देश्यमा सीमित नरही आफ्नो लामो राजनीतिक अनुभव र प्राज्ञिक विज्ञताको संयोजनमार्फत राज्यको नीति निर्माण तहमा बौद्धिक र अर्थपूर्ण योगदान गर्ने ध्येयले प्रेरित छ । डा शाक्यले काठमाडौँको ऐतिहासिक गरिमा, जीवन्त संस्कृति र विश्वसम्पदाको संरक्षणलाई प्राथमिकतामा राख्दै क्षेत्रलाई आकर्षक सांस्कृतिक पर्यटन हबका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । अव्यवस्थित सहरीकरणलाई योजनाबद्ध समाधान दिने, प्रविधिमैत्री सुशासनमार्फत सेवा प्रवाहलाई चुस्त बनाउने र नागरिकको जीवनस्तर उकास्ने आफ्नो मूल एजेण्डा रहेको उहाँको भनाइ छ। 'समृद्ध नेपाल, सुखी नेपाली' को साझा राष्ट्रिय लक्ष्यलाई टेवा पुऱ्याउँदै शिक्षा, स्वास्थ्य र युवा स्वरोजगारका क्षेत्रमा देखिएका चुनौती समाधानमा केन्द्रित रहने उहाँले स्पष्ट पार्नुभयो ।

मतदाताले देखाएको माया र सम्मानले आफूलाई अझ जिम्मेवार बनाएको उल्लेख गर्दै उहाँले सस्तो लोकप्रियताका लागि असम्भव सपना बाँड्ने वा ठूला भाषण गर्ने शैलीमा विश्वास नगर्ने बताउनुभयो । "म जे गर्न सक्छु, त्यही मात्र बोल्छु ।

जनप्रतिनिधि रहँदा वा नरहँदा पनि समाजसेवा र अध्ययन-अनुसन्धानमै समर्पित रहँदै आएको छु", उहाँले भन्नुभयो । मतदाताको समर्थनले आफ्नो जित सुनिश्चित मात्र नभई क्षेत्रको दिगो विकासका लागि बलियो आधार तयार गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।
नेपाली कम्युनिष्ट पार्टीले ५४ वर्षीय राधाकृष्ण महर्जनलाई उम्मेदवार बनाएको छ । हिन्दू राज्य र राजसंस्थाको मुद्दालाई मुख्य एजेन्डा बनाउँदै आएको राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दिलकुमार कार्की उम्मेदवार छन् । वामपन्थी धारको अर्को घटक राष्ट्रिय जनमोर्चाबाट ३४ वर्षीय रोशन दानी उम्मेदवार हुनुहुन्छ । यस्तै, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) बाट ३० वर्षीय एन्जिसराज प्रसाई उम्मेदवार छन् । युवा उम्मेदवार र सानो दलको प्रतिनिधित्वले वैकल्पिक आवाज उठाए पनि निर्णायक बन्न सक्छन् वा सक्दैनन् भन्ने प्रश्न बाँकी नै छ । नेपाल मजदुर किसान पार्टीले शान्त महर्जनलाई उम्मेदवार बनाएको छ भने मङ्गोल नेशनल अर्गनाइजेसनबाट धर्मराज गुरुङ उम्मेदवार छन् । मितेरी पार्टी नेपालका मदन पोखरेल (३५ वर्ष) मैदानमा छन् भने जनता समाजवादी पार्टी, नेपालबाट ५० वर्षीय रणवीर क्षेत्री सिंह लिएर प्रतिस्पर्धामा छन् । यसैबीच, आमजनता पार्टीबाट ईरस श्रेष्ठ 'मोबाइल' चिन्हसहित चुनावी दौडमा छन् भने प्रगतिशील लोकतान्त्रिक पार्टीका राजु रोक्का, जय मातृभूमि पार्टीका अनुपमुनि बज्राचार्य र श्रम संस्कृति पार्टीका बलराम श्रेष्ठ प्रतिस्पर्धामा छन् । नेकपा (माओवादी) बाट माइला लामा उम्मेदवार छन् । उज्यालो नेपाल पार्टीका रामेश्वर श्रेष्ठ चुनावी मैदानमा छन् भने राष्ट्रिय मुक्ति पार्टी नेपालबाट २७ वर्षीय मदन डङ्गोल उम्मेदवार बनेका छन् ।

डंगोल सबैभन्दा कम उमेरका उम्मेदवार हुन्, जसले युवा प्रतिनिधित्वको सवाल उठाएका छन् । यस निर्वाचनको अर्को महत्वपूर्ण पाटो स्वतन्त्र उम्मेदवारहरूको बाक्लो उपस्थिति हो । ८२ वर्षीया पञ्चकुमारी मानन्धर 'आँखीभ्याल' चिह्नसहित सबैभन्दा ज्येष्ठ उम्मेदवारका रूपमा मैदानमा छन् । स्वतन्त्र उम्मेदवार जुद्धबहादुर कार्की, सुमित्रा श्रेष्ठ, हरिप्रसाद घिमिरे, पुन माया महर्जन र मधुसुदन शर्मा चुनावी प्रतिस्पर्धामा छन् ।

महिला सहभागिता र वैकल्पिक राजनीतिक धारको परीक्षणस्थलका रूपमा देखिएको छ । पुराना दलप्रतिको असन्तोष, नयाँ दलप्रतिको अपेक्षा र स्वतन्त्र उम्मेदवारप्रतिको आकर्षणले अन्तिम नतिजा कता मोडिन्छ भन्ने अझै खुल्न सकेको छैन । मतदाताले यसपटक पनि अनुहार, दल वा चुनाव चिन्हभन्दा माथि उठेर नीति, प्रतिबद्धता र विश्वसनीयतालाई कति प्राथमिकता दिन्छन् भन्ने कुराले काठमाडौँ-९ मात्र होइन, समग्र राष्ट्रिय राजनीतिलाई समेत सन्देश दिनेछ ।

यसअघि, काठमाडौँ क्षेत्र नम्बर ९ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का कृष्णगोपाल श्रेष्ठ ११ हजार ९५६ मत ल्याएर विजयी हुनुभएको थियो । निकटतम प्रतिद्वन्द्वी राष्ट्रिय स्वतन्त्र पार्टीका टेकबहादुर पोखरेलको १० हजार ९५६ मत रहेको थियो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का कल्पना धमलाको छ हजार ४०२, राष्ट्रिय प्रजातन्त्र पार्टीका देवेन्द्र प्रधानको चार हजार ७८५ मत प्राप्त गर्नुभएको थियो । साझा पार्टी नेपालका मिलन पाण्डेको दुई हजार ३२७, हाम्रो पार्टी नेपालका ईरस श्रेष्ठको एक हजार ५८६, नेपाल मजदुर किसान पार्टीका सुमन महर्जनको एक हजार ५५२, जनता समाजवादी पार्टी, नेपालका शर्मिला सुवाल (डङ्गोल) को ७९२, नेपाली कांग्रेस (बीपी) का २४७, राष्ट्रिय जनमुक्ति पार्टीका उजला स्थापितको १२३, लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका प्रजुल जोशीको ८१ र मौलिक जरोकिलो पार्टीका अम्बिका थापाको २३ मत आएको थियो ।

त्यस्तै, स्वतन्त्र उम्मेदवार सुनिल रिजालको ८३३, डा ज्ञानबहादुर बस्नेतले ३१४, भाइराजा भण्डारीले १५१, राजेन्द्रप्रसाद पाठकले ९४, उद्धव रोक्काले ८२, लक्ष्मण सिंह खड्काले ६४, रचना श्रेष्ठले ६०, गणेश थापाले ३१, रामकुमार रिजालले ३१ र मधु कार्कीले २२ मत प्राप्त गर्नुभएको थियो ।

# सुशासनको बलमा बनेको सुशीला सरकार आफैं भ्रष्टाचारको बाटोमा



**रुषा थापा**

भक्तपुर, १४ फागुन ।
प्रतिनिधिसभा सदस्यको निर्वाचन आउन केही दिनमात्र बाँकी छ । चुनावी सुरक्षार्थ सडकमा सुरक्षाकर्मी खटिन थालिसकेका छन् । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना सडकमा खटिरहेका छन् । सँगै निर्वाचनका लागि भनेरै एक लाख ४९ हजार ९९० जना निर्वाचन प्रहरी पनि भर्ना गरिसकिएको छ । उनीहरुलाई पनि सडकमा खटाउन थालिसकियो । निर्वाचन प्रहरीको तलबभत्ता ठाउँअनुसार फरकफरक छ । हिमाली क्षेत्रमा खटिने निर्वाचन प्रहरीको सबैभन्दा बढी तलब हुँदा काठमाडौं उपत्यका र तराईमा खटिनेलाई कम छ । तर, निर्वाचन प्रहरीको पोशाक सबैको एकै खालको हो । उनीहरुले त्यो पोशाकको शुल्क तिर्नुपर्छ । सडकमा खटिएका निर्वाचन प्रहरीहरु भन्छन्, 'हामीले आठ हजारमा यो ड्रेस किनेका हौं ।'

उनीहरुका अनुसार पैसा तिर्न नसकेमा पछि तलबबाटै ड्रेसको शुल्क काटिन्छ । निर्वाचन प्रहरीको ड्रेस निकै कमसल देखिन्छ । एक महिना पनि नटिक्ने खालका पोशाक छन् । त्यो पोशाक बढीमा दुईदेखि तीन हजारमा तयार भएको हुनसक्ने अधिकांश बताउँछन् । निर्वाचन प्रहरीहरु नै भन्छन्, 'यस्तो पोशाक त बढीमा तीन हजारमा सजिलै तयार हुन्छ । तर, हामीले आठ हजार तिर्नुपर्यो ।'

निर्वाचन प्रहरीको पोशाकमा भ्रष्टाचार भएको भन्दै कतिपय सञ्चारमाध्यममा समाचारसमेत आइसकेका छन् । एउटा पोशाकमा साढे पाँच हजार रुपैयाँ भ्रष्टाचार हुँदा डेढ लाख ड्रेमा कति भयो होला ? यहाँ अर्बौ भ्रष्टाचार भएको छ । निर्वाचन प्रहरीमा भर्ना भएका अधिकांश आर्थिक अवस्था कमजोर भएका, बेरोजगार छन् । केही भएपनि कमाइन्छ भन्ने आशामा उनीहरु सकिनसकि भर्ना भएका हुन् ।

तर, उनीहरुलाई एक महिने जागिरको प्रलोभन देखाएर ठग्ने काम भयो । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन केका लागि भएको थियो ? ७६ युवाको बलिदानीबाट बनेको सुशीला कार्की नेतृत्वको सरकार केका लागि हो ? अहिले प्रश्न उठ्न थालेको छ । भ्रष्टाचार विरोधी र सुशासनको नारा लगाएर बनेको सरकारकै निर्वाचन प्रहरी यसरी ठगिएका छन् । यसबाट जनताले के बुझ्ने ?

मुलुकमा सुशासन चाहिन्छ र भ्रष्टाचारमुक्त हुनुपर्छ भन्दा त्यत्रा युवाले ज्यान गुमाए । हजारौं घाइते र अंगभंग भए । खर्बौंको सरकारी र निजी सम्पत्ति खरानी बन्यो । यसरी बनेको भ्रष्टाचारविरोधी सरकार आफैं त्यँही बाटोमा हिँड्न थालेको देखिँदैछ । चनावी सुरक्षाका निम्ति भर्ति गरिएका निर्वाचन प्रहरीकै पोशाकमा त अर्बौ भ्रष्टाचार गर्ने कार्की सरकारले अन्यमा के के अनियमितता गर्यो होला त ? हिजो राजनीतिक दलहरुले भ्रष्टाचार गरेर भनेर सडकमा बसेर विरोध गरे । अहिले सत्तामा पुगेपछि आफैं त्यँही बाटोमा हिँडिरहेका छन् । अनि के फरक भयो दलको सरकार र जेनजी सरकारमा ? मुलुक व्याप्त भ्रष्टाचार छ । जताततै अनियमितता छ । सरकारी कर्मचारीहरु हरेक चिजमा भ्रष्टाचार गर्छन् । कार्यालयको लागि एउटा हिटर किन्दासमेत हजारौं रकम भ्रष्टाचार गर्छन् ।

ठेक्कापट्टा, पूर्वाधार निर्माण, सामान खरिदलगायतमा त अर्बौ भ्रष्टाचार गर्छन् । घुस खाएर व्यापारीलाई अर्बौ राजस्व छुट दिन्छन् । सर्वसाधारणसँग पनि कामका लागि घुस माग्छन् । घुसबिना काम गर्न मान्दैनन्, कर्मचारी । त्यसमाथि प्रधानमन्त्री सुशीला कार्की र उनी नेतृत्वको क्याबिनेटमा रहेका धेरैजसो मन्त्री भूतपूर्व सरकारी कर्मचारी हुन् । उनीहरुलाई त थाहा छ कि कहाँ कसरी भ्रष्टाचार गर्ने हो ? यसैले, उनीहरुलाई भ्रष्टाचार गर्नु गाह्रो काम होइन । हुन त सुशीला कार्की सरकारलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन्द्र साह (बालेन) को साथ छ । रवि र बालेन दुवैमाथि जेनजी आन्दोलन उकासेको आरोप छ । यतिमात्र होइन आन्दोलनको मौका छोपेर जेलबाट भागेका रवि र उनका समर्थकले छ्यानीछ्यानी अदालत जलाएको पनि आरोप छ ।

उनकै कारण दश जना कैदीबन्दीले ज्यान गुमाउनुपर्यो । बालेनमाथि पनि सिंहदरबार जलाएको आरोप छ । जेनजी आन्दोलनलाई बालेन र रवि दुवैको साथ थियो । उनीहरुले सार्वजनिक रुपमै आन्दोलनप्रति समर्थन जनाएका थिए । र, आन्दोलनलाई त्यो हदसम्म पुर्याउन निरन्तर उकासिरहे । आन्दोलनपछि कार्कीलाई उनीहरुकै सहमतिमा प्रधानमन्त्री बनाइएको हो । र, कार्कीले पनि उनीहरुले भनेझैं काम गर्दै आएकी छिन् ।

रवि र बालेनले जनताको आँखामा छारो हालेका छन् । जनताको भावनासँग उनीहरुले खेलेका छन् । जनताको विश्वासमाथि छुरा प्रहार गरेका छन् । उनीहरुको असली रुप विस्तारै बाहिरिँदैछ । त्यसैले, जनताको नजरमा उनीहरु गिर्दै गएका छन् । यद्यपि, सामाजिक सञ्जाललाई हातामा लिएर आफ्नो लोकप्रियता बढाउन उनीहरु लागिपरेको देखिन्छ । अब जनताले यस्ता ठगहरुको विश्वास गर्नुहुन्न ।

उनीहरुकै कारण ७६ युवाले ज्यान गुमाउनुपर्यो । खर्बौंको क्षति व्यहोर्नुपर्यो । मुलुक शताब्दी पछाडिको अवस्थामा धकेलियो । सँगै दुई वर्षपछि हुने चुनाव यही फागुन २१ गते गर्नुपर्ने भयो । जनताले फेरि दुःख पाउनुपर्ने भएको छ । प्रतिनिधिसभाको चुनावमा २७ अर्ब रकम खर्च हुँदैछ । विकास बजेट कटौती गरेर यो रकम चुनावमा खर्चिन लागेको हो । जनताले मुलुकको विकासका लागि भन्दै खाइनखाई सरकारलाई कर तिर्ने, विदेशमा रगतपसिना बगाएर रेमिट्यान्स पठाउने । के जनताले चुनावका लागि कर तिरेका थिए ? रेमिट्यान्स पठाएका थिए ? भ्रष्टाचार गर्न कर र रेमिट्यान्स पठाएका हुन् ।

सीमित व्यक्तिहरुले आफ्नो स्वार्थका निम्ति देशै खरानी बनाए । विडम्बना, सर्वसाधारणदेखि राजनीतिक दलहरुसमेत यसबारे मौन छन् । कोही पनि चुइक्क बोल्दैनन् । आखिर किन ? आफ्नो स्वार्थका निम्ति देश खरानी बनाउनेहरुविरुद्ध जनता किन सडकमा आउँदैनन् ? दलहरु किन विरोध गर्दैनन् ? यदि जनता र दलले अहिले बोलेनन् भने भविष्यमा मुलुकमा झन् ठूलो क्षति व्यहोर्नुपर्नेछ । त्यसकारण देशका लागि भएपनि यिनीहरुको विरोध गरौं ।

आफ्नो स्वार्थका लागि देश जलाउने, अनि विकासको नारा लगाउने । जनता अब भ्रममा पर्नुहुँदैन । गलतलाई गलत र सहीलाई सही भन्न सिकौं । नभए त्यसको परिणाम जनता र देश स्वयम्ले भोग्नुपर्नेछ ।

*इमेलबाट प्राप्त भएको लेखकको निजी बिचार*



दाङको घोराही उपमहानगरपालिका-१८ स्थित फुर्सेखालीको गोदावरी टोलका स्थानीयलाई मतदाता शिक्षा दिँदै मतदाता शिक्षा स्वयंसेवका तस्बिर : कुलदीप न्यौपाने / रासस

# कैलाली-कञ्चनपुरमा बङ्गुरमा अफ्रिकन, स्वाइन फिभर पुष्टि सतर्क रहन आग्रह

कञ्चनपुर, १४ फागुन/रासस । कैलाली र कञ्चनपुरका विभिन्न स्थानमा पालिएका बङ्गुरमा 'अफ्रिकन स्वाइन फिभर' को सङ्क्रमण पुष्टि भएको छ । केही समयदेखि व्यावसायिक रूपमा पालिएका बङ्गुरमा उच्च ज्वरो आउने, शरीरका विभिन्न भागमा नीलो र रातो धब्बा देखिने तथा अप्रत्याशित रूपमा बङ्गुर मर्न थालेपछि गरिएको प्राविधिक परीक्षणबाट 'अफ्रिकन स्वाइन फिभर'को सङ्क्रमण पुष्टि भएको हो ।



पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढीले द्रुत प्रतिक्रिया टोली (आरआरटी) परिचालन गरी स्थानीय स्तरमा नमूना सङ्कलन गरेको थियो । सुरुमा 'रेपिड एन्टिजेन' विधिबाट परीक्षण गर्दा नतिजा पोजेटिभ देखिएपछि थप परीक्षणका लागि नमूनाहरू केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, काठमाडौँ पठाइएकामा पिसिआर विधिबाट परीक्षण गर्दा रोग पुष्टि भएको प्रयोगशालाका वरिष्ठ पशु चिकित्सक नरेशप्रसाद जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म कैलालीको धनगढी उपमहानगरपालिका, घोडाघोडी नगरपालिका र कञ्चनपुरको कृष्णपुर नगरपालिका क्षेत्रमा किसानले पालेका बङ्गुरहरूमा यो सङ्क्रमण देखिएको हो । "रोगको सङ्क्रमण प्रारम्भिक चरणमै छ ।


किसानले समयमै सावधानी अपनाएनन् र जैविक सुरक्षाका उपायहरू लागू गरेनन् भने बङ्गुरपालक किसानले ठूलो आर्थिक क्षति व्यहोर्नुपर्ने अवस्था आउने छ", जोशीले भन्नुभयो, "नमूना सङ्कलन गरिएका फार्मका धनीहरूलाई सचेत गराएका छौँ, सङ्क्रमण अन्यत्र फैलिन नदिन उच्च सतर्कता अपनाउन भनेका छौँ ।"अफ्रिकन स्वाइन फिभर घरपालुवा सुँगुर, बङ्गुर तथा जङ्गली बँदेलमा भाइरसका कारण लाग्ने सङ्क्रामक र घातक महामारी भएको उल्लेख गर्नुहुँदै उहाँले सतर्कताका लागि सबैमा आग्रह गर्नुभयो । यो रोग लागेका बङ्गुरलगायत पशुको मृत्युदर शत्प्रतिशतसम्म हुने भएकाले यसलाई पशु स्वास्थ्यको क्षेत्रमा अत्यन्तै भयावह मान्ने गरिएको जोशीले बताउनुभयो । "सङ्क्रमण फैलिएपछि पूरै बथान नै सखाप हुने हुँदा किसानको वर्षौंको लगानी र मेहनत एकैक्षणमा खरानी हुने जोखिम रहन्छ । त्यसैले किसानले समयमै सचेत हुनु आवश्यक छ", उहाँले भन्नुभयो । पशु अधिकृत रामप्रसाद भट्टका अनुसार सङ्क्रमित बङ्गुरहरूमा सुरुमा १०४ देखि १०७ डिग्री फरेनहाइटसम्म उच्च ज्वरो आउने गर्दछ । बङ्गुरहरू दानापानी खान छोड्ने, झोक्राउने, एकै ठाउँमा थुप्रिएर बस्ने र छट्पटाउने जस्ता लक्षण देखिन्छन् । विशेषगरी कानको टुप्पो, पुच्छर र पेटको तल्लो भागको छालामा रगत जमेका रातो वा नीलो रङ्गका धब्बाहरू देखिनु यस रोगको प्रमुख पहिचानका रूपमा रहेको उहाँले बताउनुभयो । "यसका साथै नाकबाट फिँज निकाल्ने, बान्ता गर्ने, छेर्ने र हिँड्दा चाल धरमराउने जस्ता लक्षणहरू देखिने गर्दछन् । यस्ता लक्षण देखिएको केही दिनभित्रै बङ्गुरहरू मर्ने गर्दछन् ।

यो रोग पशुबाट मानिसमा सर्ने 'जुनेटिक' रोग त होइन, तर यसले पुऱ्याउने आर्थिक क्षति भने निकै ठूलो हुन्छ, जसले साना र मध्यम स्तरका किसानलाई प्रत्यक्ष मारमा पार्ने गर्दछ", भट्टले भन्नुभयो । वरिष्ठ पशु चिकित्सक जोशीले कुनै पनि स्थानमा बङ्गुरमा अस्वाभाविक लक्षण देखापरेमा वा धमाधम मर्न थालेमा लुकाएर नराखी तुरुन्त नजिकको पशु सेवा शाखा, भेटेरिनरी अस्पताल, पशु क्वारेन्टाइन चेकपोस्ट वा पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा सम्पर्क गर्न अनुरोध गर्नुभएको छ ।

# आयुर्वेद चिकित्सालयमा मानसिक स्वास्थ्य विशेषज्ञ सेवा सञ्चालन

**रामहरि कार्की**

ललितपुर,१४ फागुन । ललितपुरको ताल्छिखेलस्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सालयले मानसिक स्वास्थ्य सम्बन्धी विशेषज्ञ सेवा सञ्चालन भैरहेको छ । बढ्दो मानसिक समस्यालाई मध्यनजर गर्दै चिकित्सालयले प्रत्येक महिनाको दोस्रो तथा चौथो सोमबार बिहान ८ बजेदेखि मानसिक तथा मनोविज्ञान विशेषज्ञ सेवा प्रदान गर्न थालेको हो।विश्व स्वास्थ्य संगठनको तथ्यांकअनुसार विश्वभर करिब १० प्रतिशत मानिस मानसिक रोगबाट पीडित छन्। मानसिक समस्यामध्ये चिन्ता, अवसाद, आघातपछिको मानसिक तनाव, द्विध्रुवीय मानसिक अवस्था, सीमारेखीय व्यक्तित्व समस्या तथा खानपान सम्बन्धी समस्या मुख्य मानिन्छन्। तीमध्ये चिन्ता र अवसादले मात्र करिब दुई तिहाइ हिस्सा ओगटेको तथ्यांकले देखाएको छ।चिकित्सालयमा सञ्चालन भइरहेको सेवाअन्तर्गत डराउने, तर्सिने, एकान्तमा बस्न मन लाग्ने, अनावश्यक चिन्ता लिने, निन्द्रा नलाग्ने जस्ता मानसिक समस्याको परीक्षण तथा उपचार गरिन्छ। साथै महिलाहरूमा महिनावारी बन्द हुने समयमा देखिने चिडचिडापन, मनस्थितिमा उतारचढाव आउने, शरीर दुख्ने, निन्द्रा नलाग्ने, चिन्ता तथा अवसाद जस्ता



समस्याको पनि परीक्षण गरिने चिकित्सालयले जनाएको छ ।

यसका अतिरिक्त माइग्रेन तथा अन्य प्रकारका टाउको दुखाइको समेत जाँच गरिनेछ। उपचारका क्रममा आवश्यक औषधि उपलब्ध गराइनुका साथै शिरोधारा, शिरोबस्ति, शिरोपिचु तथा नस्य जस्ता आयुर्वेदिक उपचार विधि पनि प्रयोग गरिने चिकित्सालयका प्रमुख डा. पुनम नेपालले जानकारी दिईन् ।उनलेले मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिलाई समयमै परीक्षण गराई उपचार सेवा लिन आग्रह गरिन् ।

# माइनस डिग्री मुस्ताङको चिसोमा निर्वाचन सरगर्मी

मुस्ताङ, १४ फागुन/रासस । माइनस डिग्री तापक्रमका बाबजुद मुस्ताङमा निर्वाचन सरगर्मी बढिरहेको छ । यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिएसँगै यहाँ राजनीतिक दल र तिनका उम्मेदवारको प्रचार-प्रसार अभियान पनि उत्कर्षमा छ ।



जतिबेला निर्वाचनको माहोल बन्न सुरु भएकामे थियो, त्यसबेला अर्थात् अघिल्लो महिना माथिल्लो मुस्ताङको तापक्रम माइनस २० डिग्री पुगेको थियो । हाल चुनावी माहोल उत्कर्षमा छ र फागुनदेखि भने यहाँको मौसमी तापक्रम घट्दैछ। हाल माथिल्लो मुस्ताङको तापक्रम माइनस १० डिग्रीमा झरेको छ । तल्लो मुस्ताङको तापक्रम पनि माइसन ३ डिग्रीमा छ । यद्यपि, मौसम चिसो र प्रतिकूल बने पनि निर्वाचन प्रचार-प्रसार तीव्र रूपमा भइरहेको छ । तल्लो मुस्ताङको घाँसादेखि नेपाल-चीन सिमानाका कोरलासम्मै निर्वाचनको माहोल तातिएको छ ।जिल्लामा उम्मेदवारी दर्ता गराएका आठ राजनीतक दलमध्ये छ दल र तिनका उम्मेदवारले निर्वाचनको माहोल तताएका छन् । नेकपा (एमाले), नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र उज्यालो नेपाल पार्टीले प्रचार-प्रसार अभियानलाई तीव्रता दिइरहेका छन् । मङ्गोल नेपाल अर्गनाइजेसन र आम जनता पार्टी र तिनका उम्मेदवारको प्रचार-प्रसार अभियान पनि चलिरहेकै छ ।

निर्वाचनको मिति नजिकिँदै गर्दासमेत जाडो छल्न बेँसी झरेका अधिकांश मतदाता जिल्ला फर्किएका छैनन् । केही मतदाता भने हिमालतर्फ उक्लिन थालेका छन् । मतदातालाई फर्काउन उम्मेदवार र पार्टीले पनि विभिन्न तवरले पहल गरिरहेका छन् । यहाँ उम्मेदवारले पूर्वाधार निर्माण, कृषि, पर्यटन, शिक्षालगायत मुस्ताङ जिल्लाको समग्र विकास योजनालाई प्राथमिकतामा राखेर निर्वाचनका कार्यक्रम अघि बढाइरहेका छन् । नेपाल-चीन उत्तरी कोरलानाकाको भन्सार अध्यागमन तथा एकीकृत सुरक्षा पोस्टलगायतका भौतिक पूर्वाधार, निर्माण, कोरलानाका हुँदै चीनको स्वशासित क्षेत्र तिब्बतको मानसरोवरको पर्यटन मार्ग तथा पर्यटन विकास, माथिल्लो मुस्ताङको निषेधित तथा नियन्त्रित क्षेत्रको खारेजी, कृषि क्षेत्रमा आधुनिकीकरण तथा खेर गइरहेका जग्गाहरुको समुचित व्यवस्थापन, गुणस्तरीय शिक्षा तथा ब्याचलर सम्मको सबै विषयमा शैक्षिक सुविधा, सडक, पुल, मुस्ताङ–डोल्पा सडकको पूर्णता र मुस्ताङ–मनाङ सडकमार्ग, जलवायु सङ्कटको न्यूनीकरण, सुविधा सम्पन्न स्वास्थ्य पूर्वाधार तथा जनशक्ति व्यवस्थापनलगायतका प्रतिबद्धता लिएर दल तथा उम्मेदवार जनतासमक्ष पुगिरहेका छन् ।

यसैगरी, जिल्लामा अलपत्र विकास योजनालाई अघि बढाउने, युवा उद्यमशीलताको विकास गर्ने तथा मुस्ताङको समग्र पर्यटन विकासको सम्भावनाको खोजी गर्दै पर्यटकीय पूर्वाधार निर्माणमा जोड दिनेलगायत विषय घोषणा गरिएका छन् । मतदाता रिझाउन उम्मेदवारले भूमिहीन सुकुम्वासी तथा अव्यस्थित बसोबासीलाई लालपुर्जा दिलाउन पहल गर्ने तथा मुस्ताङमा २०३० सालमा नापी हुन छुटेका जग्गालाई पुनः नापनक्सा गराउन पहल गर्नेलगायत प्रतिबद्धता जनाइरहेका छन् ।विसं २०७९ को निर्वाचनसम्म एमाले र कांग्रेसको एकल प्रतिस्पर्धा हुने यस जिल्लामा यसपटक मुख्य गरी चार राजनीतिक पार्टीको प्रतिस्पर्धा हुने आकलन गरिएको छ । हाल नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीको मुख्य प्रतिस्पर्धामा छन् । त्यसो त मतदातालाई आफ्नो पक्षमा पार्न उज्यालो नेपाल र राप्रपाले निर्वाचनमा मुख्य प्रतिस्पर्धी पार्टीलाई चुनौती दिने आकलन गरिएको छ ।

जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवालीले निर्वाचनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको र दलहरू पनि आफ्ना उम्मेदवार लिएर घरघर गइरहेको बताउनुभयो । निर्वाचनका लागि कर्मचारीहरुको व्यवस्थापन तथा कार्यविभाजन, मतदान केन्द्रमा खटिने कर्मचारीहरूलाई तालिम दिनेलगायत काम सकिएको उहाँले बताउनुभयो ।निर्वाचनका लागि जिल्लामा एकीकृत सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको छ । निर्वाचन सुरक्षाका लागि नेपाल प्रहरीबाट ५०१ र सशस्त्र प्रहरीबाट निर्वाचन प्रहरीसहित २०० भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएका छन् । यसैगरी, नेपाली सेनाले माथिल्लो मुस्ताङ र तल्लो मुस्ताङमा निर्वाचन सुरक्षा बेस क्याम्प स्थापना गरी गस्ती बढाइरहेको छ ।

# तटबन्ध निर्माणपछि सुरक्षित बन्यो कुतियाकवर

दोधारा चाँदनी (कञ्चनपुर), १४ फागुनःरासस जोगबुढा नदीमा तटबन्ध निर्माण भएपछि बाढीबाट प्रभावित हुँदै आएको कुतियाकवर सुरक्षित बनेको छ। वर्षौंदेखि बाढीको समस्या झेल्दै आएको दोधारा चाँदनी नगरपालिका-१० कुतियाकवर स्थित जोगबुढा नदीमा ८०० मिटर लामो तटबन्ध निर्मण भएपछि बस्तीमा बाढीको त्रास हटेको छ । पूर्वमा महाकाली र उत्तरमा जोगबुढा नदीको दोसाधमा रहेको कुतियाकवर हरेक वर्ष जोगबुढा नदी र महाकाली नदीको बाढीबाट प्रभावित हुँदै आएको थियो । वर्षायाममा डुबानबाट विस्थापित हुने यहाँका स्थानीयले जोगबुढा नदीमा तटबन्ध निर्माणपछि सुरक्षित महसुस गरेका छन् । गत आर्थिक वर्षमा सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाले जोगबुढा नदीमा ८१६ मिटर लामो तटबन्ध निर्माण गरेपछि बस्ती सुरक्षित बनेको यहाँका स्थानीय बताउँछन् । यहाँका स्थानीय खडक बुढाले यहाँ तटबन्ध निर्माणपछि बस्ती नै सुरक्षित बनेको बताउनुभयो । "विगतमा नदीको कटानले यहाँको बिघौँ जग्गा महाकाली नदीमा समाहित भइसकेको छ", बुढाले भन्नुभयो, "वर्षायाममा बाढीको डरले यहाँबाट दोधारा बसाइसथ्यौं अब तटबन्ध बनेपछि हामीलाई ठूलो राहत भएको छ ।" उहाँले यस पटक नदीमा तटबन्ध बनेपछि वर्षौंदेखि झेल्दै आएको बाढीको पीडाबाट मुक्ति पाइने बताउनुभयो । "महाकाली नदीमा करिब ४०० मिटर तटबन्ध बन्न बाँकी छ", उहाँले भन्नुभयो, "उक्त स्थानमा पनि तटबन्ध बने यहाँको डुबान र कटानको समस्याबाट मुक्ति पाइन्छ ।"

दोधारा चाँदनी नगरपालिका-१० का वडाध्यक्ष चन्द्रबहादुर सिंहले जोगबुढा नदीमा तटबन्ध निर्माण भएपछि कुतियाकवर बस्ती सुरक्षित बनेको जानकारी दिनुभयो । "तटबन्ध निर्माणले बस्ती सुरक्षित भएको छ,यहाँका स्थानीयलाई बाढी र डुवानको त्रास हटेको छ ।" वडा अध्यक्ष सिंहले भन्नुभयो, "जोगबुढामा अन्य स्थानमा पनि तटबन्ध निर्माण हुँदैछ यसले यहाँको बाढीको समस्या हट्नेछ ।" उहाँका अनुसार विगतमा यो बस्ती बाढीबाट सबैभन्दा बढी प्रभावित हुँदै आएको थियो । उक्त बस्तीमा नेपाली सेनाले पनि सेफ हाउस निर्माण गरेर नगरपालिकालाई हस्तान्तरण गरिसकेको छ । विसं २०२२ सालदेखि बसोबास रहेको यो बस्तीमा डेढ सय परिवारको बसोबार रहेको थियो । महाकाली र जोगबुढा नदी बस्ती पस्न थालेपछि यहाँबाट १०० घरपरिवार विस्थापित भएका छन् । तटबन्ध निर्माणपछि पलायन रोकिए अपेक्षा स्थानीयको छ ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाले कुतियाकवरस्थित जोगबुढा नदीमा तटबन्ध निर्माणका लागि गत चैत २५ मा रु पाँच करोड १६ लाख ६७ हजारमा शङ्कर कन्ट्रक्सनसँग ठेक्का सम्झौता गरेको थियो ।



सिटी पोष्ट राष्ट्रिय दैनिक
City Post National Daily

# अर्थ बजार

## नेपाल इन्भेष्टमेन्ट मेगा बैंक ४१औं वर्षमा प्रवेश



काठमाडौं, १४ फागुन । नेपाल इन्भेष्टमेन्ट मेगा बैंक आफ्नो स्थापनाको ४१औं वर्षमा प्रवेश गरेको छ । चार दशकभन्दा बढी समयको संस्थागत यात्रामा बैंकले वित्तीय क्षेत्रभित्र सुदृढ उपस्थिति कायम गर्न सफल भएको दाबी गरेको छ । ग्राहक, सेयरधनी, नियामक निकाय, व्यावसायिक साझेदार तथा कर्मचारीहरूको निरन्तर विश्वास, साथ र सहयोग नै संस्थाको स्थायित्व र विस्तारको मुख्य आधार बनेको बैंकले दाबी गरेको छ ।

वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा बैंकका अध्यक्ष पृथ्वीबहादुर पाँडे ले बैंकको सफलतामा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने सबै सरोकारवालाप्रति आभार व्यक्त गर्नुभयो । उहाँले प्रतिस्पर्धी बैंकिङ वातावरणबीच पनि संस्थाले पारदर्शिता, सुशासन र उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै अघि बढेको उल्लेख गर्नुभयो । आगामी दिनमा अझ नवप्रवर्तनमुखी, ग्राहककेन्द्रित र जिम्मेवार बैंकिङ सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दै अध्यक्ष पाँडेले वित्तीय सेवामा गुणस्तर र विश्वसनीयतालाई थप मजबुत बनाउने योजना रहेको बताउनु भयो ।

त्यसैगरी, बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) ज्योतिप्रकाश पाण्डे ले डिजिटल रूपान्तरणलाई बैंकको भावी रणनीतिको केन्द्रमा राखिएको जानकारी दिनुभयो। उहाँका अनुसार प्रविधिमा आधारित सेवा विस्तार, डिजिटल भुक्तानी प्रणालीको प्रवर्द्धन तथा अनलाइन बैंकिङ पूर्वाधारको सुदृढीकरणमार्फत ग्राहक अनुभवलाई अझ सरल, सुरक्षित र प्रभावकारी बनाइनेछ । डिजिटल बैंकिङप्रति ग्राहकको आकर्षण बढिरहेको सन्दर्भमा नवप्रवर्तनलाई तीव्रता दिनु अपरिहार्य भएको बताउनु भयो । बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत वित्तीय साक्षरतामा केन्द्रित चित्र पुस्तक प्रकाशनलाई निरन्तरता दिँदै आएको छ । विगत आठ वर्षदेखि जारी यस पहलअन्तर्गत ४०औं वार्षिकोत्सवको अवसर पारेर बैंकले आफ्नो आठौं संस्करणको चित्रकथा पुस्तक सार्वजनिक गरेको जनाएको छ ।

बालबालिकालाई लक्षित गरी तयार गरिएको उक्त पुस्तकमा वातावरणीय प्रदूषण, प्राकृतिक स्रोत संरक्षण र विश्वव्यापी तापक्रम वृद्धि (ग्लोबल वार्मिङ) जस्ता समसामयिक विषयवस्तुलाई सरल र रोचक शैलीमा प्रस्तुत गरिएको छ ।

बैंकका अनुसार पछिल्ला वर्षहरूमा वातावरणमा देखिएको तीव्र परिवर्तनले मानव स्वास्थ्य, जैविक विविधता तथा पृथ्वीको समग्र सन्तुलनमा गम्भीर असर पारिरहेको छ । यस अवस्थाबारे भावी पुस्तालाई सचेत गराउन तथा वातावरण संरक्षणप्रति सकारात्मक सोच विकास गर्न पुस्तक प्रकाशन गरिएको हो । सामाजिक उत्तरदायित्वलाई संस्थागत संस्कृतिको अभिन्न अंगका रूपमा अंगीकार गर्दै बैंकले शिक्षा, वित्तीय साक्षरता र वातावरण संरक्षणलाई प्राथमिकतामा राख्दै आएको जनाएको छ ।

वार्षिकोत्सवको अवसरमा बैंकले सामुदायिक स्वास्थ्य क्षेत्रमा पनि योगदान पुऱ्याउने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरेको छ। उक्त कार्यक्रम नेपाल रेडक्रस सोसाइटी सँगको सहकार्यमा सम्पन्न भएको हो । कार्यक्रममा बैंकका कर्मचारीहरूको उल्लेख्य सहभागिता रहेको जनाइएको छ। संस्थागत सामाजिक उत्तरदायित्वलाई व्यवहारमा उतार्ने उद्देश्यले यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बैंकले जनाएको छ ।

सेवा सञ्जाल विस्तारतर्फ बैंकले देशव्यापी पहुँच मजबुत बनाएको छ । हाल बैंकले २६९ शाखा, २५७ एटीएम, ६५ एक्सटेन्सन काउन्टर तथा ६० शाखारहित बैंकिङ काउन्टरमार्फत सेवा प्रदान गर्दै आएको छ। भौतिक पूर्वाधार विस्तारसँगै डिजिटल माध्यमबाट सेवा पहुँच बढाउने रणनीति बैंकले अघि सारेको छ ।

बैंकिङ क्षेत्रमा बढ्दो प्रतिस्पर्धा, नियामकीय मापदण्डको कडाइ तथा प्रविधिको तीव्र विकासबीच बैंकले आफ्नो रणनीतिलाई समयानुकूल परिमार्जन गर्दै आएको जनाएको छ । वित्तीय स्थायित्व, ग्राहक विश्वास र दीर्घकालीन वृद्धि सुनिश्चित गर्न नवप्रवर्तन, पारदर्शिता र उत्तरदायित्वलाई केन्द्रमा राख्दै अघि बढ्ने प्रतिबद्धता बैंक नेतृत्वले व्यक्त गरेको छ। ४१औं वर्षमा प्रवेशसँगै संस्थाले सेवा गुणस्तर अभिवृद्धि, डिजिटल सशक्तीकरण र सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई थप प्रभावकारी बनाउने लक्ष्य लिएको जनाएको छ ।

## यस्तो छ विदेशी मुद्राको विनिमयदर

काठमाडौँ, १४ फागुन । नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर १४५ रुपैयाँ २२ पैसा र बिक्रीदर १४५ रुपैयाँ ८२ पैसा निर्धारण गरिएको छ ।

यस्तै, युरोपियन युरो एकको खरिददर १७० रुपैयाँ ९५ पैसा र बिक्रीदर १७१ रुपैयाँ ६६ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर १९५ रुपैयाँ ९४ पैसा र बिक्रीदर १९६ रुपैयाँ ७५ पैसा, स्विस फ्याङ्क एकको खरिददर १८७ रुपैयाँ २२ पैसा र बिक्रीदर १८८ रुपैयाँ कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर १०२ रुपैयाँ ७४ पैसा र बिक्रीदर १०३ रुपैयाँ १६ पैसा, क्यानेडियन डलर एकको खरिददर १०५ रुपैयाँ ९६ पैसा र बिक्रीदर १०६ रुपैयाँ ४० पैसा, सिङ्गापुर डलर एकको खरिददर ११४ रुपैयाँ ६७ पैसा र बिक्रीदर ११४ रुपैयाँ १५ पैसा तोकिएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ २६ पैसा र बिक्रीदर नौ रुपैयाँ ३० पैसा, चिनियाँ युआन एकको खरिददर २१ रुपैयाँ १४ पैसा र बिक्रीदर २१ रुपैयाँ २३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३८ रुपैयाँ ७१ पैसा र बिक्रीदर ३८ रुपैयाँ ८७ पैसा, कतारी रियाल एकको खरिददर ३९ रुपैयाँ ८४ पैसा र बिक्रीदर ४० रुपैयाँ १ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ६७ पैसा र बिक्रीदर चार रुपैयाँ ६९ पैसा, युएई दिराम एकको खरिददर ३९ रुपैयाँ ५४ पैसा र बिक्रीदर ३९ रुपैयाँ ७० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ ३२ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४८ पैसा, साउथ कोरियन वन १०० को खरिददर दश रुपैयाँ १४ पैसा र बिक्रीदर १० रुपैयाँ १८ पैसा, स्विडिस क्रोनर एकको खरिददर १६ रुपैयाँ र बिक्रीदर १६ रुपैयाँ ७ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ ८८ पैसा र बिक्रीदर २३ रुपैयाँ ०२ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १८ रुपैयाँ ५७ पैसा र बिक्रीदर १८ रुपैयाँ ६५ पैसा, कुवेती दिनार एकको खरिददर ४७५ रुपैयाँ ३५ पैसा र बिक्रीदर ४७७ रुपैयाँ ३२ पैसा, बहराइन दिनार एकको खरिददर ३८५ रुपैयाँ १५ पैसा र बिक्रीदर ३८६ रुपैयाँ ७४ पैसा, ओमनी रियाल एकको खरिददर ३७७ रुपैयाँ ६९ पैसा र बिक्रीदर ३७९ रुपैयाँ २५ पैसा रहेको छ । भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैङ्कको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ ।

## आँधीखोला किनार क्षेत्रमा तर्बुजाखेतीबाट आय गर्दै स्थानीय



वालिङ (स्याङ्जा), १४ फागुन/रासस । यहाँको भीरकोट नगरपालिकाले आँधीखोला किनार क्षेत्रमा परीक्षणका रुपमा तर्बुजाखेती सुरु गरेको छ ।

हेफर इन्टरनेशनलसँगको सहकार्यमा भीरकोट कृषि तथा पशु विकास परियोजनामार्फत तर्बुजा खेतीको सम्भाव्यता अध्ययन गरी व्यावसायिक तर्बुजाखेती गर्ने लक्ष्य लिएको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताउनुभयो । यहाँको हावापानी, माटो तर्बुजा खेतीका लागि उपयुक्त हुने देखिएकाले व्यावसायिकरुपमा अगाडि बढाउन पहिलो चरणमा बीउ, बेर्ना, उपकरण तथा प्राविधिक सहयोग गरिएको उहाँले बताउनुभयो ।

"सम्भवतः जिल्लामै पहिलो पटक तर्बुजाखेती सुरु गरिएको छ" उहाँले भन्नुभयो, "पहिलो चरणमा यहाँका किसानले परीक्षणका रुपमा लगाएका छन् । यो राम्रो हुनासाथ ठूलो परिमाणमा व्यावसायिक उत्पादनमा जोड दिन्छौं ।"

यहाँ उत्पादित तर्बुजा किसान आफैँले बिक्री गर्नसक्ने र यदि नसकेमा नगरपालिकाले जिम्मा लिने उहाँले बताउनुभयो। भीरकोट नगरपालिका-१ को आँधीखोला नदी किनारको भीरकोट खेलमैदान परिसर, वडा नं ४, वडा नं ५ को पकान, वडा नं ६ को एकुवार फाँटको २० रोपनी क्षेत्रफलमा पहिलो पटक तर्बुजाखेती सुरु गरिएको हो । यसपटक १८ किसानले तर्बुजा रोपेका छन् । यहाँ रोपिएको तर्बुजा आगामी जेठ मसान्तसम्ममा उत्पादन लिन सकिने परियोजनाका कृषि प्राविधिक अनिश अर्यालले जानकारी दिनुभयो । जिल्लामै पहिलो, नयाँ र नमूनाखेती भएकाले यहाँका किसान यसखेती प्रविधि बुझेर व्यावसायिक उत्पादनमा लाग्न सक्ने उहाँले बताउनुभयो । लक्ष्मी र सरस्वती दुई जातका तर्बुजा नमुना परियोजनाका रुपमा रोपिएका छन् । नगरपालिकाले तर्बुजाका साथै सिम्ला मिर्च, अकबरे खुर्सानीसहित बेमौसमी तरकारी उत्पादनमा जोड दिएको छ ।त्यसैगरी, पोखरा महानगरपालिकामा यस वर्ष करिब ८०० रोपनी क्षेत्रफलमा तरबुजाखेती विस्तार हुने भएको छ ।पोखरा महानगरले यहाँका किसानलाई तरबुजाखेतीतर्फ आकर्षित गर्न अनुदानलगायतका कार्यक्रम अघि बढाएसँगै खेती विस्तार हुँदै गएको हो । पछिल्ला वर्षमा पोखरा महानगरका विभिन्न स्थानमा तरबुजाखेती गर्ने क्रम बढ्दै गएको बताउँदै महानगरपालिकाका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले यसलाई व्यावसायिक रूपमा अघि बढाउने गरी लागिएको जानकारी दिनुभयो ।"तरबुजाखेतीप्रतिको आकर्षण बढ्दो छ", उहाँले भन्नुभयो, "यस वर्ष पोखरा क्षेत्रमा करिब ८०० रोपनी क्षेत्रफलमा तरबुजाखेती गर्न लागिएको छ ।" यस वर्ष ३०० रोपनी क्षेत्रफलका लागि किसानलाई बीउ अनुदानमा वितरण गरिएको जानकारी दिँदै उहाँले अनुदानबाहेक पनि ठूलो क्षेत्रफलमा किसानहरूले आफैँले बीउ खरिद गरी तरबुजाखेती गर्न लागेको बताउनुभयो । महानगरपालिकाले बिउ र मल्चिङमा ५० प्रतिशत अनुदान उपलब्ध गराउँदै आएको छ ।अघिल्लो वर्ष पोखरा महानगरपालिकाको वडा नम्बर १३, १४, ३३ लगायत स्थानमा झण्डै २०० रोपनीमा तरबुजाखेती गरिएकोमा रु दुई करोड बराबरको कारोबार भएको थियो। किसानलाई यसतर्फको आकर्षण गराउन महआनगरपालिकाले तरबुजा मेलासमेत गर्दै आएको छ । उत्पादक किसानका लागि महानगरपालिकाले तरबुजाको न्यूनतम समर्थन मूल्य प्रतिकिलो रु ३५ तोकेको छ । पोखरामा विशेषतः सरस्वती जातको तरबुजा धेरै लगाउने गरिएको कडरियाले जानकारी दिनुभयो ।

## यस्तो छ कृषिउपजको थोक मूल्य

काठमाडौँ, १४ फागुन/रासस । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले आजका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ ।

समितिका अनुसार गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ७०, गोलभैँडा सानो (लोकल) प्रतिकिलो रु ३०, गोलभैँडा सानो (भारतीय) प्रतिकिलो रु ४०, गोलभैँडा सानो (तराई) प्रतिकिलो रु ४०, आलु रातो प्रतिकिलो रु २५, आलु रातो (भारतीय) प्रतिकिलो रु २५ र प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ३८ रहेको छ ।

यसैगरी, गाजर (लोकल) प्रतिकिलो रु ५०, गाजर (तराई) प्रतिकिलो रु ४०, बन्दा (लोकल) प्रतिकिलो रु ४०, बन्दा (नरिबल) प्रतिकिलो रु ३५, काउली स्थानीय प्रतिकिलो रु ४०, काउली स्थानीय (ज्यापू) प्रतिकिलो रु ६०, काउली तराई प्रतिकिलो रु ४०, रातो मूला प्रतिकिलो रु ३५, सेतो मूला (लोकल) प्रतिकिलो रु १६, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु २२, भन्टा लाम्चो प्रतिकिलो रु ७० र भन्टा डल्लो प्रतिकिलो रु ७० कायम भएको छ । त्यसैगरी, मटरकोसा प्रतिकिलो रु ५०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ६०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ५०, घिउ सिमी (राजमा) प्रतिकिलो रु ९०, टाटे सिमी प्रतिकिलो रु ५५, तिते करेला प्रतिकिलो रु १८०, घिरौँला प्रतिकिलो रु १४०, लौका प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ५५, हरियो फर्सी (लाम्चो) प्रतिकिलो रु २५, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु २५, सलगम प्रतिकिलो ५५, भिन्डी प्रतिकिलो १५०, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ५०, पिँडालु प्रतिकिलो रु ७० र स्कुस प्रतिकिलो रु ५० कायम गरिएको छ ।रायोसाग प्रतिकिलो रु २५, पालुङ्गो प्रतिकेजी रु ४०, चमसुर प्रतिकिलो रु ५०, तोरीसाग प्रतिकिलो रु २५, मेथी प्रतिकिलो रु ५०, हरियो प्याज प्रतिकिलो रु ५०, बकुला प्रतिकिलो रु ४०, तरुल प्रतिकिलो रु ८०, च्याउ (कन्य) प्रतिकिलो रु १४०, च्याउ (डल्ले) प्रतिकिलो रु ४५०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु १,००० निर्धारण गरिएको छ ।ब्रोकाउली प्रतिकिलो रु ४०, चुकुन्दर प्रतिकिलो रु ८०, सजीवन प्रतिकेजी रु ३००, रातो बन्दा प्रतिकिलो रु ७०, जिरीको साग प्रतिकिलो रु ६०, ग्याठकोभी प्रतिकिलो रु ७०, सेलरी प्रतिकिलो रु १७०, पार्सले प्रतिकिलो रु ४००, सौफको साग प्रतिकिलो रु ५०, पुदिना प्रतिकिलो रु ३५०, गान्टे मूला प्रतिकिलो रु ६०, इमली प्रतिकिलो रु १८०, तामा प्रतिकिलो रु १३०, तोफु प्रतिकिलो रु १५०, गुन्द्रुक प्रतिकिलो रु ३०० र रूखटमाटर प्रतिकेजी रु २८० तोकिएको छ ।स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फुजी) प्रतिकिलो रु ३००, केरा (दर्जन) रु १९०, कागती प्रतिकिलो रु २५०, अनार प्रतिकिलो रु ३८०, अङ्गुर (हरियो) प्रतिकिलो रु २१०, अङ्गुर (कालो) प्रतिकिलो रु ३२०, सुन्तला (भारतीय) प्रतिकिलो रु १६०, तरबुजा हरियो प्रतिकिलो रु ७०, मौसम प्रतिकिलो रु १५०, भुइँकटहर प्रतिगोटा रु १५०, काँक्रो (लोकल) प्रतिकिलो रु १२०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ६५, काँक्रो (लोकलक्रस) प्रतिकिलो रु १००, रुख कटहर प्रतिकिलो रु १२०, नास्पाती (चाइनिज) प्रतिकिलो रु २५०, मेवा (नेपाली) प्रतिकिलो रु ७०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, लप्सी प्रतिकिलो रु २००, किनु प्रतिकिलो रु १३०, स्ट्रबेरी प्रतिकिलो रु ५००, किबी प्रतिकिलो रु ३५० र एभोकाडो प्रतिकिलो रु ३५० निर्धारण गरिएको छ ।

यसैगरी, अमला प्रतिकिलो रु १२०, अदुवा प्रतिकिलो रु १२०, सुकेको खुर्सानी प्रतिकिलो रु ४३०, खुर्सानी हरियो प्रतिकिलो रु १८०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु १५०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ९०, खुर्सानी हरियो (अकबरे) प्रतिकिलो रु ९००, भेडे खुर्सानी प्रतिकिलो रु ११०, हरियो लसुन प्रतिकिलो रु ५०, हरियो धनियाँ प्रतिकिलो रु ६०, लसुन सुकेको (चाइनिज) प्रतिकिलो रु २६०, लसुन सुकेको (नेपाली) प्रतिकिलो रु २००, छ्यापी सुकेको प्रतिकिलो रु १५०, छ्यापी हरियो प्रतिकिलो रु १२०, माछा सुकेको प्रतिकिलो रु १,०००, ताजा माछा (रहु) प्रतिकिलो रु ३५०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २८० निर्धारण गरिएको छ ।



## आचारसंहिता ...

सेवा, कूटनीतिक नियोगका सवारी र पास प्राप्त सवारी साधन मात्र सञ्चालनमा रहनेछन् ।फागुन २० गते राति १२ बजेदेखि मतदान सम्पन्न नभएसम्म सवारी सञ्चालनमा रोक लगाइने आयोगले जनाएको छ । यद्यपि अन्तरराष्ट्रिय तथा आन्तरिक हवाई उडान नियमित रूपमा सञ्चालन हुने व्यवस्था मिलाइएको छ । टिकट भएका यात्रुले सम्बन्धित एयरलाइन्स वा निजी सवारीमार्फत विमानस्थल आवतजावत गर्न पाउने स्पष्ट पारिएको छ ।आयोगले मतदानका दिन मतदाता परिचयपत्र नभए पनि वैकल्पिक कागजातको व्यवस्था स्पष्ट गरेको छ । मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, जग्गाधनी प्रमाणपूर्जा वा सवारी चालक अनुमतिपत्रमध्ये कुनै एक कागजात प्रस्तुत गरी मतदान गर्न सक्नेछन् ।यस विषयमा सुरक्षाकर्मी, कर्मचारी र सम्बन्धित निकायलाई स्पष्ट सूचना दिन आयोगले निर्देशन दिएको छ, ताकि मतदान केन्द्रमा अनावश्यक अन्योल नहोस् ।

मतदानको दिन प्रयोग हुने सवारी साधनका लागि पास वितरण गर्न आयोगले सचिवालय परिसरमा विशेष इकाइ स्थापना गर्ने भएको छ । उक्त इकाइमा आयोग र जिल्ला प्रशासन कार्यालय काठमाडौँका प्रतिनिधि कर्मचारी रहनेछन् । यो व्यवस्था सवारी आवागमनमा अनियमितता नहोस् र आवश्यक सेवा प्रभावित नबनोस् भन्ने उद्देश्यले गरिएको हो ।

नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधिसँग अन्तरक्रिया गर्नु स्वयंमा पारदर्शिता र विश्वास निर्माणको संकेतका रूपमा हेरिएको छ । अन्तर्राष्ट्रिय समुदायको उपस्थिति र चासोबीच आयोगले निर्वाचन तयारी र कानुनी व्यवस्थाबारे स्पष्ट जानकारी गराउनु लोकतान्त्रिक प्रक्रियाप्रति प्रतिबद्धताको अभिव्यक्ति हो ।नेपालमा विगतका निर्वाचनहरू संस्थागत रूपमा सफल मानिए पनि समय-समयमा उठ्ने विवाद, आचारसंहिता उल्लङ्घन र प्रचार-प्रसारका आक्रामक अभ्यासले सुधारको आवश्यकता औँल्याउँदै आएका छन् । यसपटक आयोगले सुरक्षादेखि वित्तीय पारदर्शितासम्मका विषयमा स्पष्ट मार्गनिर्देशन जारी गरेको छ ।आयोगका निर्णयहरू केवल प्रशासनिक कदम मात्र होइनन्; ती प्रत्यक्ष रूपमा नागरिकको दैनिक जीवनसँग जोडिएका छन् । सवारी रोक, मदिरा प्रतिबन्ध, प्रचार निषेध अवधि यी सबै व्यवस्थाले मतदानको वातावरण शान्त र निष्पक्ष बनाउन सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।निर्वाचनको विश्वसनीयता आयोगको तयारी मात्र होइन, राजनीतिक दल, उम्मेदवार, सुरक्षा निकाय र आम नागरिकको सहकार्यमा निर्भर हुन्छ । आयोगले आफ्नो भूमिकालाई ‘क्रियाशील’ रूपमा अघि बढाएको सन्देश दिएको छ । अब यसको सफल कार्यान्वयन नै लोकतन्त्रप्रतिको जनविश्वासको आधार बन्नेछ ।

यसैगरी, यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका १६५ वटै क्षेत्रमा निर्वाचन सामग्री पुगेको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणालीतर्फको गरी चार करोड ११ लाख ५३ हजार मतपत्र ७७ वटै जिल्लाका १६५ वटै निर्वाचन क्षेत्रमा पुगेको निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले रासससलाई जानकारी दिनुभयो । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पूर्वतयारी अन्तिम चरणमा छ ।

आयोगबाट स्वीकृत कार्य तालिकाअनुसार व्यवस्थापकीय कार्य तालिकाबद्ध र तोकिएको समयमा सञ्चालित छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फका मतपत्र छपाइ सम्पन्न भई ७७ वटै जिल्लामा पुगेको छ । केही सामग्री भने जिल्लामै व्यवस्थापन हुनेछ । निर्वाचन अधिकृतको कार्यालयबाट भने मतदान अधिकृतको जिम्मामा सबै सामग्री पठाइने आयोगले जनाएको छ । स्वीकृत कार्यक्रमअनुसार मतदाता शिक्षासम्बन्धी विशेष कार्यक्रम यही फागुन ३ गतेदेखि जारी छ । मतदाता शिक्षा फागुन १७ गतेसम्म ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामा निरन्तर सञ्चालन हुने जनाइएको छ । निर्वाचन आचारसंहिता अनुगमन एवं परिपालनामा निरन्तरता दिँदै केन्द्रीय आचारसंहिता अनुगमन समितिलगायतका संयन्त्रहरुले सक्रिय रुपमा कार्यसम्पादन गर्दै आएका छन् । यही फागुन ४ गतेदेखि राजनीतिक दलहरुले चुनावको मुख्य प्रचारप्रसारका गतिविधि सुरुवात गरेका छन् । प्रचारप्रसारलाई प्रचलित कानुन र आचारसंहिताको अधीनमा रही शिष्ट र मर्यादित बनाउन आयोगबाट राजनीतिक दल र उम्मेदवारहरुलाई निर्देशन भइसकेको छ ।

## कुनै पनि...

तर व्यवहारिक सुधारमा अपेक्षित प्रगति नदेखिएको जनगुनासो पनि उत्तिकै बलियो छ । यस्तो सन्दर्भमा नेकपाले ‘ आत्मसमीक्षा’ र सुधारको भाषा प्रयोग गर्नु आफैंमा रणनीतिक संकेतका रूपमा हेरिएको छ ।

संयोजक प्रचण्डले आसन्न निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न हुनुपर्नेमा जोड दिनुभयो । यसका लागि राजनीतिक दल, सुरक्षा निकाय, कर्मचारी संयन्त्र र आम नागरिक सबैको जिम्मेवारी महत्वपूर्ण हुने उहाँको भनाइ थियो।नेपालमा निर्वाचन व्यवस्थापन तुलनात्मक रूपमा संस्थागत हुँदै गएको भए पनि समय-समयमा देखिने विवाद, आरोप-प्रत्यारोप र अविश्वासले लोकतान्त्रिक प्रक्रियामा चुनौती थप्दै आएको छ । त्यसैले प्रमुख राजनीतिक नेताबाट निष्पक्ष निर्वाचनको सार्वजनिक प्रतिबद्धता आउनु सकारात्मक सन्देशका रूपमा लिइन्छ ।

संयोजक प्रचण्डले यो निर्वाचनले मुलुकलाई राजनीतिक निकास दिने विश्वास व्यक्त गर्नुभयो। पछिल्ला वर्षहरूमा सरकार परिवर्तनको तीव्र चक्र, अस्थिर गठबन्धन र नीति निरन्तरताको अभावले आम नागरिकमा राजनीतिक स्थिरताप्रति चासो बढाएको छ । निर्वाचनलाई स्थायित्वको आधार बनाउने अपेक्षा सबै दलहरूसामु साझा चुनौतीका रूपमा उभिएको छ ।पत्रकार सम्मेलनमा उठाइएको अर्को महत्वपूर्ण विषय थियो जेनजी युवाको भावना र संविधान संशोधन । संयोजक प्रचण्डले नयाँ पुस्ताको आकांक्षा र बदलिँदो सामाजिक यथार्थलाई ध्यानमा राख्दै आवश्यक परे संविधान संशोधन गर्नुपर्ने धारणा राख्नुभयो ।

“राजनीतिक स्थिरता र दीर्घकालीन समाधानका लागि सबै दल, युवापुस्ता र सरोकारवाला निकायबीच सहकार्य आवश्यक छ,” उहाँले उल्लेख गर्नुभयो ।

नेपालको संविधान २०७२ जारी भएपछि विभिन्न पक्षबाट संशोधनको माग उठ्दै आएको छ । संघीय संरचना, निर्वाचन प्रणाली, समावेशिता र शासन प्रणालीका केही प्रावधानबारे बहस निरन्तर चलिरहेको छ । जेनजी पुस्ता–डिजिटल युगमा हुर्किएको, विश्वव्यापी अवसरसँग परिचित र शीघ्र परिणाम चाहने युवा वर्ग–राजनीतिप्रति आलोचनात्मक दृष्टिकोण राख्दै आएको देखिन्छ ।

नेकपाले यस वर्गलाई सम्बोधन गर्ने प्रयासस्वरूप संविधान संशोधनको सम्भावना र सहकार्यको आवश्यकता औँल्याएको बुझ्न सकिन्छ । तर संशोधन प्रक्रिया जटिल र सहमतिनिर्भर हुने भएकाले यसलाई कार्यान्वयनमा लैजान व्यापक राजनीतिक सहमति अपरिहार्य हुन्छ ।

एकातर्फ नेकपाले चुनावी तालमेल नगर्ने स्पष्ट घोषणा गरेको छ भने अर्कोतर्फ सुशासन, सामाजिक न्याय र संविधान संशोधनजस्ता बहुआयामिक मुद्दा अघि सारेको छ । यसले पार्टीको चुनावी रणनीति विचारधारात्मक स्पष्टता र संगठनात्मक बलमा केन्द्रित रहेको संकेत गर्छ ।तर व्यवहारिक राजनीतिमा मतदाता मनोविज्ञान, स्थानीय समीकरण र प्रतिस्पर्धी दलहरूको रणनीतिले निर्णायक भूमिका खेल्छ। विशेषगरी बहुसंख्यक निर्वाचन क्षेत्रमा बहुकोणीय प्रतिस्पर्धा हुँदा सानो मतान्तरले परिणाम बदलिन सक्छ ।राजनीतिक रूपमा हेर्दा, एक्लै चुनाव लड्ने घोषणा पार्टीको आत्मविश्वासको संकेत पनि हुन सक्छ, र पुनःस्थापनाको प्रयास पनि  विगतका राजनीतिक उतारचढावपछि नेकपाले आफ्नो अलग पहिचान पुनःस्थापित गर्न खोजेको देखिन्छ ।आम मतदाताका दृष्टिकोणबाट हेर्दा, यस घोषणाले चुनावी विकल्पबारे स्पष्टता दिन्छ ।

गठबन्धन वा समीकरणको जटिलताभन्दा बाहिर रहेर पार्टीले आफ्नो स्पष्ट कार्यक्रमसहित मत माग्ने अवस्था सिर्जना भएको छ ।

निर्वाचन परिणामले मात्र यो रणनीति कति प्रभावकारी रह्यो भन्ने तय गर्नेछ । तर हालका लागि नेकपाको सन्देश स्पष्ट छ आसन्न प्रतिनिधिसभा निर्वाचनमा पार्टी आफ्नै एजेन्डा र संगठनको बलमा एक्लै मैदानमा उत्रिनेछ, र राजनीतिक स्थिरता तथा नीतिगत सहकार्यका मुद्दालाई केन्द्रमा राख्नेछ ।निर्वाचन लोकतान्त्रिक प्रणालीको मूल आधार हो । त्यसैले सबै दलको प्रतिबद्धता, पारदर्शिता र जवाफदेहिता नै जनविश्वासको मुख्य आधार बन्नेछ । आगामी मतदानले केवल प्रतिनिधि चयन मात्र होइन, देशको राजनीतिक दिशा तय गर्नेछ ।

यसैगरी, नेकपाले संविधान कार्यान्वयनको समीक्षा एवं पुनरावलोकन गरी शासकीय स्वरूप, निर्वाचन प्रणालीलगायत विभिन्न विषय परिमार्जन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । निर्वाचनको सम्मुखमा बिहीबार अपिल जारी गर्दै नेकपाले उच्चस्तरीय सम्पत्ति छानबिन आयोग गठन गरेर आजसम्म सार्वजनिक पद धारणा गरेका व्यक्तिको सम्पत्ति छानबिन गरिने दृढता व्यक्त गरेको छ । भ्रष्टाचार गरेर आर्जन गरेको सम्पत्ति राष्ट्रियकरण गर्ने नेकपाले प्रतिबद्धता व्यक्त गरेको छ ।

# टर्नबुलको आह्वान: अस्ट्रेलिया गणतन्त्र बनोस्




सिड्नी, १४ फागुन (रासस/एएफपी) :

अस्ट्रेलियाका पूर्वप्रधानमन्त्री माल्कम टर्नबुलले देशले अब बेलायती राजतन्त्रको संरचना त्यागेर आफ्नै निर्वाचित राज्य प्रमुख चयन गर्नुपर्ने बताउँदै गणतन्त्र स्थापनालाई ‘पहिलेभन्दा बढी महत्त्वपूर्ण’ भएको धारणा व्यक्त गर्नुभएको छ । उहाँका अनुसार अस्ट्रेलियाली संसद्द्वारा निर्वाचित राष्ट्रप्रमुखको व्यवस्था राष्ट्रको पहिचान र राजनीतिक स्थिरताका लागि उपयुक्त हुने विश्वास गर्नुभयो ।सन् २०१५ देखि २०१८ सम्म प्रधानमन्त्री रहनुभएका टर्नबुलले सन् १९९९ मा भएको असफल जनमतसङ्ग्रहमार्फत राजतन्त्र अन्त्य गर्ने अभियानको नेतृत्व गर्नुभएको थियो । करिब तीन दशकपछि उहाँले पुनः गणतन्त्रको बहसलाई सशक्त बनाउनुपर्ने आवश्यकता औँल्याउनुभएको छ । उहाँले राजतन्त्रलाई ‘पुरानो र अप्रासङ्गिक व्यवस्था’ भन्दै अस्ट्रेलियाको वर्तमान राजनीतिक अवस्थासँग नमिल्ने बताउनुभयो ।टर्नबुलका अनुसार निर्वाचित राज्य प्रमुखको व्यवस्थाले अस्ट्रेलियाली समाजमा साझा पहिचानलाई बलियो बनाउनेछ । उहाँले देशको ‘ आदिवासी’ राजनीतिक विमर्शलाई पनि यसले सकारात्मक दिशातर्फ लैजान सक्ने विश्वास व्यक्त गर्नुभयो । अस्ट्रेलिया एक शताब्दीभन्दा बढी समय ब्रिटिस उपनिवेशमा रहेर सन् १९०१ मा स्वशासित बने पनि पूर्ण गणतन्त्र बन्न सकेको छैन ।वर्तमान प्रधानमन्त्री एन्थोनी अल्बानिज स्वयं गणतन्त्र समर्थक भए पनि उहाँले आफ्नो कार्यकालमा यस विषयमा अर्को जनमतसङ्ग्रहको पहल नगर्ने सङ्केत दिनुभएको छ । टर्नबुलले भने जनमतको धार गणतन्त्रतर्फ झुकेको दाबी गर्दै संसद्बाट निर्वाचित राष्ट्रप्रमुखको मोडेलप्रति व्यापक समर्थन हुने विश्वास व्यक्त गर्नुभयो ।

गणतन्त्र बहससँगै टर्नबुलले अस्ट्रेलिया, बेलायत र संयुक्त राज्य अमेरिकाबीचको बहुचर्चित रक्षा सम्झौता ‘ अकस’ (एयुकेयुएस) प्रति पनि कडा असन्तुष्टि व्यक्त गर्नुभएको छ । उक्त सम्झौताअन्तर्गत अस्ट्रेलियालाई आणविक ऊर्जाचालित पनडुब्बी उपलब्ध गराउने र उन्नत सैन्य प्रविधिमा सहकार्य गर्ने योजना रहेको छ । तर उहाँका अनुसार अस्ट्रेलियाले ‘लगभग निश्चित रूपमा’ कुनै पनि आणविक पनडुब्बी प्राप्त गर्ने सम्भावना कम छ ।उहाँले अमेरिकी कानूनी प्रावधानअनुसार त्यस्ता पनडुब्बी बिक्री राष्ट्रपतिले आफ्नै नौसेनालाई आवश्यक नभएको प्रमाणित गरेपछि मात्र सम्भव हुने उल्लेख गर्नुभयो । हाल अमेरिकाले आफ्नै आवश्यकताको आधा मात्र उत्पादन गरिरहेको अवस्थामा अस्ट्रेलियाको अपेक्षा पूरा नहुने उहाँको तर्क छ । टर्नबुलले यसलाई ‘डरलाग्दो सम्झौता’ को संज्ञा दिँदै यसले अस्ट्रेलियाको सार्वभौमिकता जोखिममा पार्न सक्ने चेतावनी दिनुभयो ।अन्तर्राष्ट्रिय राजनीतिमा बढ्दो अस्थिरताको सन्दर्भमा उहाँले अमेरिकी प्रभावद्वारा परिभाषित विश्व व्यवस्थालाई अस्ट्रेलियाले सावधानीपूर्वक मूल्याङ्कन गर्नुपर्ने बताउनुभयो। ग्रिनल्यान्डलाई विलय गर्ने अमेरिकी धम्कीलाई उहाँले ‘ डिस्टोपियन उपन्यासजस्तो’ भन्दै विश्व ‘अव्यवस्थित युग’ मा प्रवेश गरेको टिप्पणी गर्नुभयो ।आन्तरिक राजनीतिमा पनि उहाँले आफूले नेतृत्व गरेको लिबरल पार्टी सङ्कटमा रहेको धारणा राख्नुभयो । जलवायु परिवर्तन, आप्रवासन र दक्षिणपन्थी लोकप्रियतावादका मुद्दामा पार्टी विभाजित भएको भन्दै उहाँले अति-दक्षिणतर्फको झुकावले पार्टीलाई कमजोर बनाउने चेतावनी दिनुभयो ।

शून्य उत्सर्जन प्रतिबद्धता त्याग्ने निर्णयलाई उहाँले ‘सांस्कृतिक युद्धको पागलपन’ को संज्ञा दिनुभयो।टर्नबुलका अनुसार अस्ट्रेलियाको राजनीति अन्ततः केन्द्रमै निर्धारण हुन्छ । उहाँले लोकप्रियतावादी र विभाजनकारी मुद्दा उठाएर मध्यमार्गी मतदातालाई जित्न नसकिने उल्लेख गर्दै पार्टीले आफ्नो दिशा पुनर्विचार गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

## जेनजी ..

जेन-जी र जेन-जी सिभिक फोरम ले संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै प्रतिवेदन सार्वजनिक गरी दोषीमाथि कारबाही प्रक्रिया अघि बढाउन माग गरेका थिए ।

उनीहरूले अन्तरिम सरकारले निर्वाचनको तयारीसँगै जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्ने अपेक्षा गरेको उल्लेख गरेका छन् । “निर्वाचन मात्रै नभई भदौ २३ र २४ गतेका घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्ने प्रक्रिया अघि बढाइनेछ भन्ने हाम्रो अपेक्षा थियो,” विज्ञप्तिमा भनिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय पुगेका प्रतिनिधिहरूमा अमृता बनसहित पेमा वाङ्बो लामा, माजिद अन्सारी, जय गुप्ता र अमित खनाल रहेका थिए । उनीहरूले निवेदन दर्ता गर्दै सरकारलाई प्रतिवेदन सार्वजनिक गर्न ढिलाइ नगर्न आग्रह गरेका छन् ।

उनिहरुका अनुसार प्रतिवेदन सार्वजनिक नहुँदा पीडित परिवार र आन्दोलनमा संलग्न व्यक्तिहरूमा अन्योल बढिरहेको छ । न्याय प्रक्रियामा ढिलाइ हुनु स्वयंमा न्यायबाट वञ्चित हुनु सरह भएको उनीहरूको तर्क छ ।

जेनजी आन्दोलन युवापुस्ताको नेतृत्वमा उठेको नागरिक आवाजका रूपमा हेरिएको थियो । आन्दोलनका क्रममा भएका घटनाबारे सत्यतथ्य सार्वजनिक हुनु, जिम्मेवारी निर्धारण हुनु र दोषीमाथि कानुनी कारबाही हुनु लोकतान्त्रिक प्रणालीको आधारभूत अपेक्षा मानिन्छ ।

नेपालमा विगतमा विभिन्न आन्दोलन र घटनापछि गठन गरिएका जाँचबुझ आयोगका प्रतिवेदन सार्वजनिक हुन ढिलाइ भएको वा पूर्ण कार्यान्वयन नहुने उदाहरणहरू पनि रहेका छन् । यस्तो पृष्ठभूमिमा जेनजी समूहहरूको खबरदारीलाई संस्थागत पारदर्शिता र जवाफदेहितासँग जोडेर हेर्ने गरिएको छ ।

विशेषज्ञहरूका अनुसार आयोगको प्रतिवेदन सार्वजनिक गर्नु मात्र पर्याप्त हुँदैन; त्यसका सिफारिस कार्यान्वयन हुनु र दोषीमाथि कारबाही प्रक्रिया अघि बढ्नु नै न्याय सुनिश्चितताको वास्तविक सूचक हो ।हालसम्म आयोगले प्रतिवेदन सरकारसमक्ष बुझाइसकेको छैन ।

प्रतिवेदन बुझाएपछि सरकारले त्यसलाई सार्वजनिक गर्ने वा नगर्ने र कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गर्नेछ । यही प्रक्रियागत चरणले अहिले सबैको ध्यान केन्द्रित गरेको छ । जेनजी प्रतिनिधिहरूले भने आफ्नो माग शान्तिपूर्ण र संवैधानिक माध्यमबाट निरन्तर उठाइरहने जनाएका छन् । “हामीले न्याय र पारदर्शिताका लागि निवेदन दर्ता गरेका छौँ, हाम्रो अभियान जारी रहनेछ,” प्रतिनिधिहरूको भनाइ छ ।

अन्ततः, यो प्रकरण केवल एक प्रतिवेदन सार्वजनिक गर्ने विषय मात्र होइन; यसले राज्यको जवाफदेहिता, पारदर्शिता र नागरिक विश्वाससँग प्रत्यक्ष सम्बन्ध राख्छ ।

आगामी दिनमा सरकारले लिने निर्णयले युवापुस्ताको आवाजप्रति राज्यको संवेदनशीलता कति छ भन्ने स्पष्ट पार्नेछ ।यसैगरी,नेपाली कम्युनिस्ट पार्टीका संयोजक प्रचण्डले जेनजी आन्दोलनबारे छानबिन गर्न बनेको उच्चस्तरीय छानबिन आयोगको समय थप हुनु गलत भएको टिप्पणी गर्नुभएको छ । बिहीबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित पत्रकार सम्मेलनमा सञ्चारकर्मीले राखेका जिज्ञासाको जवाफ दिँदै उहाँले यस्तो टिप्पणी गर्नुभएको हो ।

जाँचबुझ आयोगको प्रतिवेदन समयमै आउनुपर्ने उहाँको भनाइ छ । ‘आयोगको प्रतिवेदन समयमा नै आउनुपर्थ्यो ।

एकपटक सार्‍यो त्यो मान्न सकिने कुरा हो । गर्दागर्दै भ्याइएन होला । दुईपटक पनि मोटामोटी त्यस्तै पर्‍यो कि भन्न सकिने कुरा हो ।’ ‘तर तीनपटक र अझ अब चुनावपछि भन्ने कुरा गलत भएको छ । दोषी ठहर गरेर कारबाहीको प्रक्रिया अघि बढाउनुपर्थ्यो । ढिलासुस्ती गर्ने र समय सारेर चुनावपछि गर्ने कुरा बिल्कुल सही भएको छैन ।’



राष्ट्रिय दैनिक
सिटी पोष्ट
City Post National Daily




शुक्रबार, १५ फागुन २०८२ (Friday, February 27, 2026)

# राष्ट्रिय लिगमा जनजागृति युवा क्लबमाथि पुलिस क्लब हाबी

*-सिटीपोष्ट सम्वाददाता*



काठमाडौं, १४ फागुन । त्रिपुरेश्वरस्थित दशरथ रंगशाला मा बिहीबार सम्पन्न राष्ट्रिय लिगका खेलहरूमा एकतर्फी जित र प्रतिस्पर्धात्मक बराबरी दुवै दृश्य देखिए । दिनको पहिलो खेलमा नेपाल पुलिस क्लब ले प्रभावशाली प्रदर्शन गर्दै फराकिलो जित निकालेको छ भने दोस्रो खेलमा प्लानिङ ब्वाइज युनाइटेड र न्यु रोड टिम (एनआरटी) ले अंक बाँडे ।लिगको कमजोर टोली मानिएको नव जनजागृति युवा क्लब विरुद्ध पुलिस सुरुआतदेखि नै हावी देखियो । खेल अवधिभर आक्रामक रणनीतिसहित मैदान उत्रिएको पुलिसले विपक्षी रक्षापंक्तिलाई लगातार दबाबमा राख्दै ७-० को सानदार जित दर्ता गऱ्यो ।पुलिसका धीरेन्द्रबहादुर शाही र सञ्जीव लामाले समान दुई-दुई गोल गर्दै टोलीको जितमा प्रमुख भूमिका खेले । यस्तै, दशरथ गिरी, भरत शाह र विजय उरावले समान एक-एक गोल थपे । फराकिलो जितले पुलिसको गोलअन्तर मात्र सुधारिएको छैन, टोलीको आत्मविश्वास पनि उकासिएको देखिन्छ ।यस जितसँगै पुलिसले लिगमा दोस्रो जित दर्ता गरेको हो । सात खेलपछि पुलिसको सात अंक पुगेको छ । मध्यम तालिकातर्फ उक्लिने प्रयासमा रहेको पुलिसका लागि यो जित रणनीतिक रूपमा महत्त्वपूर्ण मानिएको छ ।उता, नव जनजागृति भने अंकविहीन अवस्थामै तालिकाको पुछारमा यथावत छ । लगातार हारले टोलीको रक्षात्मक कमजोरी उजागर गरेको छ, जसले आगामी खेलहरूमा सुधारको दबाब थपेको छ ।दिनको दोस्रो खेल प्रतिस्पर्धात्मक रह्यो । प्लानिङ ब्वाइज युनाइटेडले अग्रता लिए पनि त्यसलाई जोगाउन नसक्दा एनआरटीसँग १-१ को बराबरीमा रोकियो ।४० औं मिनेटमा कप्तान प्रतापसिंह राईको गोलमार्फत प्लानिङले खेलमा सुरुआती अग्रता बनाएको थियो । पहिलो हाफभर प्लानिङले लय सम्हालेर खेल्यो, तर इन्जुरी समयमै एनआरटीका टिमोथी चिमेरी ओकेरेकेको गोलले खेल बराबरीमा फर्कियो ।

दोस्रो हाफमा दुवै टोलीले जितका लागि प्रयास गरे पनि निर्णायक गोल हुन सकेन । खेलको अन्त्यतिर एनआरटीका करिमले सिधै रातो कार्ड पाउँदै मैदान छाडेपछि टोली १० खेलाडीमा सीमित भयो । संख्यात्मक रूपमा कमजोर बने पनि एनआरटीले बाँकी समय गोल नखाई खेल टुंग्यायो ।

यो बराबरीसँगै प्लानिङ ब्वाइजको आठ खेलबाट १७ अंक पुगेको छ । शीर्ष स्थानको दौडमा रहेको प्लानिङका लागि यो अंक महत्वपूर्ण भए पनि जित हात पार्न नसक्नुले अग्रस्थानको प्रतिस्पर्धामा केही असर पार्न सक्छ ।एनआरटीले भने आठ खेलपछि १५ अंक जोडेको छ । तेस्रो बराबरी खेलेको एनआरटी शीर्ष चारको होडमा यथावत रहेको छ ।राष्ट्रिय लिगको यो चरणसम्म आइपुग्दा शीर्ष टोलीहरूबीच अंक अन्तर धेरै फराकिलो छैन । यस्तो अवस्थामा फराकिलो जित, गोलअन्तर र अनुशासित खेल निर्णायक बन्ने देखिन्छ ।पुलिसको जितले लिगमा नयाँ ऊर्जा थपेको छ भने प्लानिङ र एनआरटीको बराबरीले शीर्ष स्थानको प्रतिस्पर्धालाई अझ रोचक बनाएको छ ।आगामी खेलहरूमा टोलीहरूको रणनीति, फिटनेस र अनुशासन महत्वपूर्ण हुने देखिन्छ। विशेषगरी मध्यम तालिकामा रहेका टोलीहरूले निरन्तर अंक बटुल्न सके मात्र शीर्ष स्थानतर्फ उक्लिने सम्भावना बलियो हुनेछ ।यस दिनका नतिजाले लिगको प्रतिस्पर्धा थप चर्किएको संकेत दिएको छ, जहाँ प्रत्येक अंक र प्रत्येक गोल निर्णायक बन्न सक्ने अवस्था देखिएको छ ।

# 'वर्ल्ड जुनियर टेनिस प्रतियोगिता'मा ६ खेलाडी सहभागी हुने



काठमाडौं, १४ फागुन । भियतनाममा आयोजना हुने यु-१४ उमेर समूहको 'वर्ल्ड जुनियर टेनिस प्रतियोगिता'मा सहभागी हुन नेपालबाट ६ खेलाडीको टोली त्यसतर्फ जाने भएको छ । अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपाली जुनियर टेनिस खेलाडीलाई अवसर दिलाउने उद्देश्यले गठन गरिएको टोलीमा पुरुष र महिला दुवै विधाका खेलाडी समावेश छन् ।पुरुषतर्फ सभ्यजङ्ग कार्की, विश्व विशेष डल्लाकोटी र अर्याशराज पौडेलले नेपालको प्रतिनिधित्व गर्नेछन्। त्यस्तै, महिलातर्फ सारा पन्त, एरा खत्री र स्वराह थापा छनोट भएका छन् । टोलीका प्रशिक्षकका रूपमा कुमार अधिकारी रहनेछन् । उमेर समूहस्तरको यो प्रतियोगिता युवा खेलाडीका लागि महत्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चका रूपमा लिइन्छ, जहाँ सहभागी खेलाडीले आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर पाउनेछन् ।महिला खेलाडीको प्रतिस्पर्धा मार्च २ देखि ७ तारिखसम्म सञ्चालन हुनेछ। महिला टोली प्रशिक्षकसहित शुक्रबार भियतनाम प्रस्थान गर्ने कार्यक्रम तय गरिएको छ । पुरुषतर्फको प्रतिस्पर्धा भने मार्च ९ देखि १४ तारिखसम्म हुनेछ । पुरुष टोली मार्च ६ तारिखमा त्यसतर्फ जाने तालिका रहेको छ ।अन्तर्राष्ट्रिय अनुभव अभिवृद्धि र प्रतिस्पर्धात्मक क्षमताको विकासका दृष्टिले यस्ता प्रतियोगितालाई महत्वपूर्ण मानिन्छ । उमेर समूहदेखि नै विदेशी खेलाडीहरूसँग प्रतिस्पर्धा गर्ने अवसर पाउँदा खेलाडीको आत्मविश्वास बढ्नुका साथै खेलको प्राविधिक र रणनीतिक पक्षमा पनि सुधार हुने अपेक्षा गरिएको छ ।टोलीलाई आज यहाँ आयोजित एक कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् का सदस्य-सचिव रामचरित्र मेहता ले बिदाइ गर्दै सफलताको शुभकामना व्यक्त गर्नुभयो । उहाँले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व गर्नु आफैंमा गौरवको विषय भएको उल्लेख गर्दै खेलाडीलाई अनुशासन, आत्मविश्वास र उत्कृष्ट प्रदर्शनमार्फत देशको नाम उच्च राख्न आग्रह गर्नुभयो ।नेपाली टेनिस पछिल्ला वर्षहरूमा उमेर समूहस्तरमा विस्तार हुँदै गएको छ । यस्ता अन्तर्राष्ट्रिय सहभागिताले खेलाडीलाई दीर्घकालीन रूपमा राष्ट्रिय टिमको आधार तयार गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । प्रशिक्षक अधिकारीले खेलाडीहरू तयारी अवस्थामा रहेको र प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्यसहित प्रस्थान गर्न लागेको जानकारी दिएका छन् ।'वर्ल्ड जुनियर टेनिस प्रतियोगिता' जस्ता प्रतियोगिताले दक्षिण एसियाली तथा एसियाली क्षेत्रका प्रतिभाशाली खेलाडीलाई एकै मञ्चमा ल्याउने भएकाले प्रतिस्पर्धा कडा रहने अनुमान गरिएको छ । नेपाली टोलीले अनुभव बटुल्दै उत्कृष्ट नतिजाका लागि प्रयास गर्ने जनाएको छ ।यस प्रतियोगितामा सहभागिताले नेपाली जुनियर टेनिसको अन्तर्राष्ट्रिय उपस्थितिलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ । खेलाडीहरूको प्रदर्शनले भविष्यमा टेनिस खेलको विकास र प्रवर्द्धनमा सकारात्मक प्रभाव पार्ने विश्वास खेल क्षेत्रले लिएको छ ।



# फिल्म 'परालको आगो' को फर्स्टलुक पोस्टर सार्वजनिक

*-सिटीपोष्ट सम्वाददाता*

काठमाडौं, १४ फागुन । आगामी वैशाख ११ गतेदेखि देशव्यापी प्रदर्शनमा आउन लागेको फिल्म 'परालको आगो' को फर्स्टलुक पोस्टर सार्वजनिक भएको छ । बिहीबार निर्माण टिमले औपचारिक रूपमा सार्वजनिक गरेको पोस्टरमार्फत फिल्मको भावभूमि र मुख्य पात्रहरूको मनोस्थितिबारे प्रारम्भिक संकेत गरिएको छ ।

सार्वजनिक पोस्टरमा प्रमुख कलाकारहरू सौगात मल्ल, प्रकाश सपुत र सुहाना थापा लाई केन्द्रमा राखिएको छ । पोस्टरको संरचना गाढा र गम्भीर टोनमा तयार गरिएको छ, जसले कथावस्तु सामाजिक तथा भावनात्मक द्वन्द्वमा आधारित रहेको संकेत गर्छ । तीनै पात्रको अनुहारमा देखिएको तनावपूर्ण अभिव्यक्तिले कथाभित्र गहिरो संघर्ष लुकेको अनुमान गर्न सकिन्छ ।

पोस्टरमा सुहाना थापा सिउँदोमा सिन्दुर र निधारमा टीका लगाएकी देखिए पनि उनको अनुहारमा खुशीको झल्को छैन । उनको भावभंगिमाले वैवाहिक सम्बन्धभित्रको असन्तुष्टि वा दबाबपूर्ण अवस्थालाई प्रतिनिधित्व गरेको संकेत मिल्छ । त्यस्तै, प्रकाश सपुत घुम ओढेर भावुक मुद्रामा प्रस्तुत भएका छन् भने सौगात मल्लको अनुहारमा पनि पीडा र द्वन्द्व झल्किएको छ । प्रकाश र सौगात दुवैको अनुहारमा देखिएको रुन्चे भावले कथामा गहिरो मनोवैज्ञानिक संघर्ष समेटिएको हुनसक्ने आभास दिन्छ ।

पोस्टरको पृष्ठभूमिमा देखिएको अँध्यारोपन र आगोको झिल्कोले फिल्मको शीर्षकसँग प्रतीकात्मक सम्बन्ध स्थापित गरेको छ ।

'परालको आगो' भन्ने शब्दावलीले सामान्य वा सानो देखिने घटनाले ठूलो परिणाम निम्त्याउने अवस्थालाई संकेत गर्छ । त्यसैले फिल्म ग्रामीण परिवेशमा आधारित सामाजिक कथा भए पनि त्यसले उठान गर्ने विषयवस्तु व्यापक र गम्भीर हुने अनुमान गर्न सकिन्छ ।फिल्मको निर्देशन लक्ष्मण सुनारले गरेका हुन्। ग्रामीण समाज, पारिवारिक सम्बन्ध र समाजभित्र लुकेका मनोवैज्ञानिक तथा भावनात्मक जटिलताहरूलाई कथाको केन्द्रमा राखिएको बुझिन्छ । निर्देशक सुनारले यथार्थपरक शैलीमा सामाजिक द्वन्द्व प्रस्तुत गर्ने प्रयास गरेको निर्माण टिमले जनाएको छ ।




हरि ओम सिने मेकर्स प्रालि को ब्यानरमा निर्माण भएको फिल्ममा मुख्य कलाकारहरू सौगात, प्रकाश र सुहानासहित सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने तथा बाल कलाकार मन्जिला बाँनियाको अभिनय रहेको छ । फिल्ममा बहुपात्रीय संरचना देखिएकाले कथामा विभिन्न तहका सम्बन्ध र दृष्टिकोण प्रस्तुत हुने अपेक्षा गरिएको छ ।

फिल्मका लगानीकर्ता सुशील पोखरेल हुन् भने पटकथा तथा संवाद लेखन सुशील देवकोटाकाको रहेको छ । छायांकन संकल्प भुजेलले सम्हाल्नु भएको छ । त्यसैगरी कोरियोग्राफी रामजी लामिछाने, सम्पादन मिलन श्रेष्ठ र रंग संयोजन कनाल कँवरले गर्नुभएको छ । भिएफएक्स समिर मिया र सत्यम रानाले तयार गर्नुभएको हो ।

# 'विराट फिल्म एण्ड म्युजिक अवार्ड-२०८२' सम्पन्न

*-सिटीपोष्ट सम्वाददाता*

काठमाडौं, १४ फागुन । सेलिब्रेटी नेपाल प्रतिष्ठानद्वारा फागुन १३ गते काठमाडौंमा आयोजित चौथो संस्करणको 'विराट फिल्म एण्ड म्युजिक अवार्ड-२०८२' मा बिभिन्न बिद्यामा अवार्ड तथा सम्मान प्रदान गरेको छ ।संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिल सिन्हाको प्रमुख आतिथ्यता तथा चलचिब बिकास बोर्डका अध्यक्ष दिनेश डिसि लगायत बिशिष्ट व्यक्तित्वहरुको उपस्थितिमा सम्पन्न कार्यक्रममा मोफसलमा रहेर कलाकारितामा सक्रिय चर्चित अभिनेता तथा मोडल माधव केसी डा. अनिष श्रेष्ठको शब्द, शीव परियारको स्वर रहेको गीत 'अजम्बरी मायाँ'को भिडियो मार्फत उत्कृष्ट मोडलको अवार्डबाट विभूषित हुनु भएको छ । यो भन्दा पहिले हरि आचार्यद्वारा लिखित 'किन दुख्छ मुटु' बोलको गीतको म्युजिक भिडियोमार्फत अभिनेता केसीले दोश्रो विराट म्युजिक तथा फिल्म अवार्ड-२०८० मा 'उत्कृष्ट मोडल' को अवार्ड आफ्नो पक्षमा पार्न सफल हुनु भएको थियो ।

चार दर्जनको हाराहारीमा म्युजिक भिडियोमा मोडलिङ गरिसक्नु भएका माधव केसीले धुम थ्री, डन्ट ब्रेक माई हर्ट, जिन्दगी, चिनारी, मन मनै मन पराए लगायतका चलचित्रमा आफ्नो अभिनय क्षमता प्रस्तुत गरिसक्नु भएको छ ।

अवार्ड प्राप्तीले आफूलाई थप जिम्मेवार महसुस गराएको अभिनेता केसीले बताउनु भएको छ । उहाँले भने, 'मेरो कामको मूल्याङ्कन गरी अवार्ड प्रदान गर्नु हुने जुरी टिम तथा आयोजकप्रति धन्यवाद ज्ञापन गर्दछु ।'चलचित्र विकास बोर्डको प्रेक्षालयमा आयोजित कार्यक्रममा नेपाली चलचित्र क्षेत्रमा विगत चार दशकदेखि सक्रिय बरिष्ठ कलाकार तथा निर्देशक सुभाष गजुरेललाई नगद २५ हजार ५ सय ५५ रुपैयाँसहित 'लाइफ टाइम अचिभमेन्ट अवार्ड' प्रदान गरिएको थियो भने तीन दशक भन्दा लामो समयदेखि चलचित्र पत्रकारितामा सक्रिय कृष्ण भट्टराईलाई नगद ११ हजार १ सय ११ रुपैयाँसहित पत्रकारिता पुरस्कार प्रदान गरिएको छ ।कार्यक्रम संयोजक सुरज पौडेलका अनुसार यसवर्ष संगीततर्फ १५ विधा र चलचित्रतर्फ ११ विधा गरी कुल २६ विधामा अवार्ड तथा सम्मान प्रदान गरिएको छ ।





## सडक प्रयोग गर्दा ध्यान दिऔं।

- ❖सडक सीमा अतिक्रमण नगरौं।
- ❖सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं।
- ❖सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं।
- ❖सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं।
- ❖सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं।
- ❖सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं।
- ❖सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं।
- ❖जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं।
- ❖सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं।

यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खवर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशकः नेत्रप्रसाद न्यौपाने (प्रकाश) कार्यालय : चावहिल, काठमाडौं फोन/फयाक्स : ४५१६९६१ Website : www.citypostdaily.com E-mail : citypostdaily2004@gmail.com citypostdaily2001@yahoo.com मुद्रण : एक्सप्रेस कलर प्रेस